# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासोरजिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७र९७६१८१५४०००र
९८४११५१२१७र९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक १८७ | काठमाडौं | बुधबार, १४ कात्तिक २०८१ | Prabhab National Daily | Wednesday, October 30, 2024 | www.prabhabonline.com | पृष्ठ १० | मूल्य रू. ५।–


समस्याग्रस्त सहकारीको रकम राफसाफ

## तीन सहकारीका ६१५५ बचतकर्ताको रकम फिर्ता



■ प्रभाव संवाददाता

- ४३८ को आंशिक भुक्तानी, ५६ हजार ६०५ जनाको फिर्ता प्रक्रियामा
- ३८ अर्ब ४२ करोड तीन लाख २९ हजार फिर्ता हुन बाँकी
- ऋण नतिर्ने ऋणीको परिवारिक सदस्यको राहदानी र सम्पत्ति रोक्का गर्ने तयारी

**काठमाडौं–** समस्याग्रस्त तीन सहकारीका छ हजार १५५ जना बचतकर्ताले आफ्नो रकम फिर्ता पाएका छन् । सरकारले गठन गरेको समस्याग्रस्त सहकारी व्यवस्थापन समितिमार्फत ती बचतकर्ताले रकम फिर्ता पाएका हुन् ।

समितिले मंगलबार आयोजना गरेको कार्यक्रममा दिइएको जानकारीअनुसार कुवेर, चार्टर्ड र स्टान्डर्ड गरी तीन सहकारीका बचतकर्ताहरूलाई सञ्चालकबाट करिब डेढ अर्ब रूपैयाँ फिर्ता गराइएको हो । 'चुक्ता गरिएको रकम पर्सी (बिहीबार)सम्म सम्बन्धित व्यक्तिको खातामा पुग्ने छ,' कार्यक्रममा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले भने ।

उनीहरूले पाउनुपर्ने एक अर्ब ४८ करोड ५१ हजार ७१५ रूपैयाँ पूरै चुक्ता भएको मन्त्री अधिकारीले बताए । योसँगै समस्याग्रस्त सहकारीको संख्या घटेर २२ बाट १९ पुगेको पनि समितिले जानकारी दिएको छ ।

### ४३८ जनाको आंशिक चुक्ता

यसैगरी कात्तिक १२ गते सोमबारसम्म ४३८ मागदाबीकर्ताको तीन करोड एक लाख ९९ हजार रूपैयाँ सम्बन्धित सहकारीबाट भुक्तानी गरिएको समितिले जानकारी दिएको छ । सतप्रतिशत भुक्तानी भएका र आंशिक गरी हालसम्म एक अर्ब ५१ करोड ५३ लाख ३६ हजार रूपैयाँ समस्याग्रस्त घोषणा भएका २२ वटा सहकारीका ऋणीबाट उठाएर भुक्तानी गरिएको मन्त्री अधिकारीले बताए ।

समस्याग्रस्त भएका सहकारीमध्ये हालसम्म ओरेन्टलसहित छ वटा सहकारीका बचतकर्ताको आंशिक रकम भुक्तानी भएका छन् । यसरी आंशिक रकम फिर्ता गर्नेमा ओरेन्टल, कान्तिपुर, सोसाइटल, शिवशिखर, गौतमश्री र गोरखा सेभिङ एन्ड क्रेडिट को-अपरेटिभ रहेका छन् ।

प्यासिफिक सेभिङका बचतकर्ताले बचत रकमको २८ प्रतिशत, प्रभु बचतमा १.२० प्रतिशत, कुवेरमा ५९ प्रतिशत, स्टचान्डर्ड सेभिङमा १५ प्रतिशत, स्टचान्डर्ड मल्टिप्रपोजमा २८ प्रतिशत, चार्टर्ड सेभिङमा ४४.४५ प्रतिशत र लु:निभामा बचतको सात प्रतिशत भने दामासाहीमा भुक्तानी गरिएको मन्त्री अधिकारीले बताए ।

### ऋण नतिर्नेको राहदानी र सम्पति रोक्का

समस्याग्रस्त १९ सहकारीबाट ५६ हजार ६०५ बचतकर्ताको रकम फिर्ताका लागि सरकारले सम्पत्ति रोक्का गर्ने तयारी गरेको छ ।

(क्रमशः पृष्ठ २ मा)

माओवादी लडाकु शिविरमा घोटाला आरोप

## माओवादी अध्यक्ष दाहालसहित १४ जनाविरुद्ध अख्तियारमा उजुरी

- माओवादी लडाकुका लागि विनियोजित बजेटबाट चार अर्बभन्दा बढीको अनियमितता भएको दाबी
- वास्तविक माओवादी जनमुक्ति सेनाभन्दा तेब्बरलाई समायोजन गराएको आरोप
- माओवादी दाहाल, पुन र शर्मालगायत १४ जनाविरूद्ध उजुरी





■ जेबी योञ्जन

**काठमाडौं–** चार अर्बभन्दा बढी भ्रष्टाचार भएको भन्दै लडाकु शिविर घोटालाकाण्डबारे अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी परेको छ । प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालसहित १३ जना नेतालाई विपक्षी बनाएर छानबिनका लागि आयोगमा युवराज पौडेलले उजुरी दिएका हुन् ।

यसअघि पौडेलले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेविरुद्ध पटक-पटक उजुरी दिएका थिए । उनले सर्वोच्चमा दिएको रिटकै कारण सर्वोच्चले फैसला गर्दा अन्ततः लामिछानेको सभापति, उपप्रधान तथा गृहमन्त्री र सांसद पद गुमेको थियो । उनै पौडेलले यसअघि आफ्नै पूर्वपार्टी माओवादीका अध्यक्षसहित १४ जनालाई विपक्षी बनाएर अख्तियारमा उजुरी दिएको अख्तियारले जनाएको छ ।

अख्तियारका अनुसार दाहालसँगै उपमहासचिवहरू वर्षमान पुन, जनार्दन शर्मा, पूर्वउपराष्ट्रपति नन्दकिशोर पुन तथा सचिव चक्रपाणी खनाल प्रतिवादी छन् । तत्कालीन जनमुक्ति सेनाको १ नम्बर डिभिजन प्रमुख सन्तु दराई, २ नम्बर डिभिजन प्रमुख सुकबहादुर रोका, ३ नम्बर डिभिजन प्रमुख धनबहादुर मास्के, चौथो डिभिजन प्रमुख यमबहादुर अधिकारी, पाँचौं डिभिजन प्रमुख तेजबहादुर वली, छैटौं डिभिजन प्रमुख गणेशमान पुन, सातौं डिभिजन प्रमुख कालीबहादुर खाम र आठौं डिभिजन प्रमुख महेन्द्रबहादुर शाहीलाई पनि उजुरीमा विपक्षी बनाइएको छ ।

उजुरीमा विस्तृत शान्ति सम्झौतापछि सेना समायोजनका क्रममा माओवादी नेता कार्यकर्तालाई समेत सेनाको पोसाक दिएर फोटो खिचाइ रकम निकाशा गरिएको दाबी गरिएको छ । माओवादी अध्यक्ष दाहाल स्वयंले सात हजार सेनालाई ३५ हजार पुऱ्याएर २० हजार 'भेरिफिकेसन'मा परेको एक भिडियोमा उल्लेख गरेको विषयलाई समेत उजुरीमा प्रमाणका रूपमा व्याख्या गरिएको छ ।

माओवादी अध्यक्ष दाहालले ८ पुस २०६४ मा चितवनको शक्तिखोरस्थित जनमुक्ति सेनाको क्याम्पमा पुगेर उक्त अभिव्यक्ति दिएका थिए । उजुरीकर्ता पौडेलले दाहालको उक्त अभिव्यक्तिलाई प्रमाणको रूपमा पेस गरेको देखिएको छ ।

उजुरीमा उल्लेख भएअनुसार त्यस समयमा संयुक्त राष्ट्रसंघीय मिसन (अनमिन)ले १९ हजार ६०० सेना प्रमाणीकरण गरेको थियो । तर, माओवादी शिविर व्यवस्थापन गर्दा छ वर्षको अवधिमा २० अर्ब रूपैयाँ खर्च भएको र अधिकांश रकम दाहालको योजनामा निकाशा भएकाले त्यो भ्रष्टाचार भएको उल्लेख छ ।

राज्यकोषबाट माओवादीले चार अर्ब रूपैयाँ हिनामिना गरेको देखिने भएकाले उनीहरूलाई पक्राउ गरी हदैसम्मको कारबाही माग गरिएको छ । उजुरीमा भनिएको छ, 'पार्टीका नेता कार्यकर्ता र समर्थक आदिलाई अनमिनले आकर्षक डलर दिन्छ भन्ने प्रलोभन देखाएर माओवादी सेनाको वास्तविक संख्याभन्दा झण्डै तेब्बर संख्या देखाउन सैन्य पोसाक लगाइ सैन्य फाराममा नामसमेत उल्लेख गरी अनियमितता गरिएको थियो ।'

उजुरीलाई अख्तियारले दर्ता गरिसकेको प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए । 'उजुरीलाई आवश्यक अध्ययन गरेर दर्ता गरिएको छ, अहिले यत्ति भनौं,' घिमिरेले प्रभावसँग भने ।

(क्रमशः पृष्ठ २ मा)

> अहिले क्यान्टोनमेन्ट घोटाला भन्दै जुन विषय उचालिएको छ, त्यसमा कुनै आधार छैन । सत्यतथ्य छैन, छ त भ्रममात्रै । एक जना प्रायोजित व्यक्तिले जुन उजुरी दायर गरे, त्यसमा प्रमाणित हुने आधार छैन ।
>
> ■ **देवेन्द्र पौडेल**
> **सचिव, माओवादी केन्द्र**

सन्दर्भः वैदेशिक रोजगार

## तीन महिनामा ३५३ श्रमिकका परिवारले पाए आर्थिक सहायता

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगार बोर्डले चालु आर्थिक वर्षको तीन महिना (साउन-असोज) मा वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका ३५३ जनाको परिवारलाई आर्थिक सहायता प्रदान गरेको छ। वैदेशिक रोजगारीका क्रममा विभिन्न कारणले मृत्यु भएका उनीहरूको परिवारका सदस्यलाई १३ करोड ४३ लाख ५० हजार रूपैयाँ आर्थिक सहायता वितरण गरिएको बोर्डले जानकारी दिएको छ ।




बोर्डले आर्थिक सहायता वितरणको आधारमा वैदेशिक रोजगारीको क्रममा मृत्यु हुने नेपालीको संख्या यकीन गर्दै आएको छ । बोर्डले सार्वजनिक गरेको तथ्यांकअनुसार मासिकरूपमा सरदर ११६ जना नेपालीको विदेशमा मृत्यु हुने गरेको देखिन्छ । यो सहायता रकम वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएर गएका नेपालीले मात्रै पाउँदै आएका छन् । बोर्डले श्रम स्वीकृति लिएर गएका नेपाली श्रमिकको मृत्यु भएमा उनीहरूको परिवारलाई सात लाख रूपैयाँ आर्थिक सहायता उपलब्ध गराउँदै आएको छ । यद्यपि, सरकारले यही कात्तिक ८ गतेबाट आर्थिक सहायता रकम बढाएर १० लाख रूपैयाँ उपलब्ध गराउनेगरी राजपत्रमा सूचना प्रकाशित गरिसकेको छ । अब उप्रान्त वैदेशिक रोजगारमा गएर मृत्यु भएका श्रमिकका परिवारले १० लाख रूपैयाँ पाउने बोर्डका निर्देशक एवं सूचना अधिकारी टीकाराम ढकालले जानकारी दिए ।

बोर्डले आर्थिक सहायता दिएको संख्याको आधारमा तथ्यांक राख्ने भए पनि विदेशमा मृत्यु हुने नेपाली श्रमिकको संख्या अझै बढी हुनसक्ने ढकालले बताए । 'श्रम स्वीकृति लिएर जाने नेपालीहरूको मृत्यु भएमा उनीहरूका परिवारले तोकिएको सहायता रकम पाएको आधारमा रेकर्ड रहन्छ,' उनले भने, 'अवैध तरिकाबाट रोजगारीका लागि विदेश गएका वा भिसा अवधि सकेर गैरकानुनीरूपमा बसिरहेका नेपालीको मृत्यु भएमा तिनीहरूको न रेकर्ड हुन्छ न सहायता रकम नै पाउँछन्, अप्ठ्यारो अवस्था छ ।'

विदेशमा धेरैजसो प्राकृतिक रूपमा, औद्योगिक दुर्घटना, आत्महत्या, कार्डियाक एरेस्ट, सडक दुर्घटना आदिका कारण नेपालीहरूको मृत्यु हुने गरेको बोर्डले जनाएको छ । यद्यपि, अहिलेसम्म वैदेशिक रोजगारीको क्रममा जाँदा मेडिकल परीक्षणबाट स्वस्थ्य देखिएका नेपालीहरूको के-कति कारणले मृत्यु हुने गरेको छ भन्ने सम्बन्धमा सरकारले कुनै अध्ययन गरेको छैन ।

यसैगरी वैदेशिक रोजगारीका क्रममा विभिन्न कारणले अंगभंग र गम्भीर बिरामी भएका १३६ जना श्रमिकले चार करोड ८० लाख रूपैयाँ आर्थिक सहायता पाएको बोर्डको तथ्यांकले देखाएको छ । कार्यस्थलमा हुने दुर्घटना, सडक तथा सवारी दुर्घटनालगायत विभिन्न कारणले नेपालीहरूको अंगभंग हुने गरेको बताइन्छ । तर, अंगभंग हुने कामदारलाई उनीहरूको शारीरिक अवस्थाको आधारमा आर्थिक सहायता दिने गरिएको सूचना अधिकारी ढकालले बताए । त्यस्तै वैदेशिक रोजगारीमा गएका श्रमिकका घरपरिवारका ८८ जना सदस्यलाई गम्भीर बिरामी हुँदा तोकिएबमोजिम ४१ लाख ८० हजार रूपैयाँ उपचार खर्च उपलब्ध गराइएको छ ।

बोर्डको तथ्यांकअनुसार वैदेशिक रोजगारीमा गई मृत्यु भएका २२१ जना श्रमिकको शव घर ठेगानासम्म पुऱ्याइएको छ भने विदेशमा मृत्यु भएका १०४ जना श्रमिकको शव स्वदेश झिकाउन सहजीकरण गरिएको छ । त्यस्तै विदेशमा अलपत्र परेका ४५ जना श्रमिकको उद्धार तथा खोजतलास कार्यका लागि सम्बन्धित नेपाली नियोगलाई पत्राचार एवं सहजीकरण गरेको बोर्डले जनाएको छ । तीन महिनाको अवधिमा वैदेशिक रोजगारमा जानुपूर्व महिलाहरूलाई दिइने अभिमुखीकरण तालिमको शुल्कसमेत सोधभर्ना गरिएको छ । जसमा २६३ महिलालाई एक लाख ८४ हजार रूपैयाँ दिइएको छ ।

यसअवधिमा २१ हजार जनाका लागि सीप विकास तालिम सञ्चालन गर्न आशयपत्र माग भएको छ भने वैदेशिक रोजगारीमा रहेका एक हजार १०५ जना श्रमिकले टेलिमेडिसिन सेवा लिएको बोर्डले जनाएको छ । श्रमाधान कल सेन्टरमा प्राप्त भएका २२ हजार ९९५ गुनासोमध्ये आठ हजार ४७३ वटा समाधान भएको पनि बोर्डले जनाएको छ । कल सेन्टरमा आएका गुनासामध्ये सबैभन्दा बढी श्रम स्वीकृतिसँग सम्बन्धित रहेको सूचना अधिकारी ढकालले जानकारी दिए । उनका अनुसार भिजिट भिसामा गएर समस्यामा परेकाहरूले पनि समस्या राख्ने गरेका छन् भने अलपत्र पर्ने, रोजगारदाताले पारिश्रमिक नदिएको विषयमा पनि गुनासो आउने गरेको छ ।


जनहितमा जारी सन्देश



# 'एस्थेटिक अकुलोप्लास्टि' सेवा सुरु गर्दै तिलगंगा आँखा प्रतिष्ठान

**काठमाडौं (प्रस)**– तिलगंगा आँखा प्रतिष्ठानले 'एस्थेटिक अकुलोप्लास्टि' सेवा छिट्टै सञ्चालनमा ल्याउने जनाएको छ। सोमबार आयोजित एक दिने विशेष एस्थेटिक अकुलोप्लास्टि कार्यशालामा प्रतिष्ठानका कार्यकारी निर्देशक डा. सन्दुक रूइतले नेपालमा यसको सम्भावना राम्रो रहेको र छिट्टै नै विभिन्न सुविधासहित सेवा सुरू गरिने जानकारी गराए।

यो सुविधा तिलगंगा प्रतिष्ठान तथा तिलगंगा सिटी आइ सेन्टर, चुच्चेपाटीमा निकट भविष्यमा सुरु हुने उनले बताए। डा. रूइतका अनुसार 'एस्थेटिक अकुलोप्लास्टि' भन्नाले आँखारोग उपचारको यस्तो विषय हो जसले आँखा र त्यस वरपरको सुन्दरतालाई जोड दिन्छ। शल्यक्रिया वा अन्य उपचार पद्धतिबाट अनुहारमा सौन्दर्य ल्याउन मद्दत गर्ने भएकाले यसप्रतिको चासो जनमानसमा बढ्दो छ।

हाल तिलगंगामा डेडो आँखाको समस्या, आँखा डिल तथा अनुहारको मांसपेशी फरफराउने समस्या, अत्यधिक आँशु आउने समस्या, थाइराइडबाट हुने आँखाको लिडको समस्याको उपचार 'बोटक्स इन्जेक्सन'बाट निवारण भइराखेको छ। यस कार्यशालापश्चात् थप सेवा जस्तैः बोटक्सबाट अनुहार तथा घाँटीको चाउरीपनलगायत अन्य आँखा समस्याको उपचार गर्न सकिने प्रतिष्ठानले जनाएको छ।

कार्यशालामा एस्थेटिक अकुलोप्लास्टिका तीन अन्तर्राष्ट्रिय विज्ञहरू फिलिपिन्सकी डा. इभेट सान्टियागो, मलेसियाका डा. एलिस गोह र सिंगापुरका डा. स्टेफेनीइ योङले कार्यशालामा कार्यपत्र प्रस्तुत गरे। फिलिपिन्सकी डा. सान्टियागोले अनुभवीबाट मात्र यस्तो सेवा लिनुपर्ने बताइन्। उनले भनिन्, 'बोटक्स गर्दा भएको गल्तीले अनुहार नै बिग्रिएका पनि छन्। सकेसम्म बेलैमा छालाको ध्यान दिनु राम्रो हुन्छ।' कार्यशालामा देशभरका विभिन्न स्थानबाट आँखारोग विशेषज्ञ र आवासीय चिकित्सकको सहभागिता रहेको थियो।

# भक्तपुर अस्पतालमा आँखाको शल्यक्रिया सुरु

**भक्तपुर (प्रस)**– भक्तपुर अस्पतालमा मंगलबारदेखि आँखाको शल्यक्रिया सेवा सुरु गरिएको छ। बागमती प्रदेशअन्तर्गत १३ वटा अस्पतालमध्ये भक्तपुर अस्पतालमा मंगलबारदेखि आँखाको शल्यक्रिया सेवा सुरु गरेको बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापाले जानकारी दिए।

मन्त्री थापाले प्रदेशका अन्य अस्पतालमा पनि यो सेवा विस्तारै सञ्चालनमा ल्याउने स्वास्थ्य मन्त्रालयको तयारी रहेको बताए। उनले भने, 'बागमती प्रदेशका अस्पतालमध्ये भक्तपुर अस्पतालमा मंगलबारदेखि आँखाको शल्यक्रिया सेवा सुरु गरेका छौं, यो सेवा अब निरन्तर भक्तपुर अस्पतालमा चल्ने छ। यो सेवालाई विस्तार गर्ने नीति स्वास्थ्य मन्त्रालयले लिएको छ, अन्य अस्पतालमा पनि यो सेवालाई विस्तार गर्नेछौं।'

मन्त्री थापाले आँखाको शल्यक्रिया सेवा सञ्चालन गर्न मन्त्रालयले बजेटको व्यवस्थापन गरेको बताउँदै दरबन्दीसहितका चिकित्सकीय सेवा प्रदेशका सबै अस्पतालमा विस्तार गर्न मन्त्रालयले बजेटको व्यवस्था गर्ने पनि बताए।

अस्पतालकी मेडिकल डाइरेक्टर डा. सुमित्रा गौतमले आँखाको ओपिडी सेवा पहिलादेखिनै सञ्चालन भए पनि शल्यक्रिया सेवा नहुँदा बिरामीलाई बाध्य भएर तिलगंगा आँखा अस्पताल पठाउनुपर्ने बाध्यता मंगलबारदेखि हटेको बताइन्। उनले मंगलबार सफलतापूर्वक बिरामीको आँखाको शल्यक्रिया गरेको बताउँदै यसका लागि नेत्र विशेषज्ञ डा. अनुपमा अमात्यको नेतृत्वमा दुईजना आँखारोग विशेषज्ञ र एकजना प्राविधिक गरी तीनजना जनशक्ति खटिएको बताए। उनले अब आँखाका उपचारका लागि अन्य अस्पताल धाउनुपर्ने बिरामीको बाध्यता अन्त्य भएको बताए।

## पृष्ठ १ बाट क्रमशः

### अध्यक्ष दाहालसहित...

माओवादी शान्ति प्रक्रियामा आएपछि पहिलो त माओवादी जनमुक्ति सेनाले हतियार बिसाएका थिए। त्यसपछि जनमुक्ति सेना समायोजनको काम भएको थियो। त्यसबेलै जनमुक्ति सेनाको बढी संख्या देखाएर अध्यक्ष दाहालसहितका नेताहरूले भ्रष्टाचार गरेको दुई दशकदेखि चर्चामा छ। यद्यपि, निरूपण भएको छैन। यहीबेला अख्तियारमा उजुरी परेको हो।

माओवादी केन्द्रका सचिव देवेन्द्र पौडेल कपोलकल्पित, आधारहीन र प्रायोजित ढंगले उजुरी हाल्दैमा केही नहुने बताउँछन्। 'अहिले क्यान्टोनमेन्ट घोटाला भन्दै जुन विषय उचालिएको छ, त्यसमा कुनै आधार छैन। सत्यतथ्य छैन, छ त भ्रममात्रै,' उनले भने, 'एक जना प्रायोजित व्यक्तिले जुन उजुरी दायर गरे, त्यसमा प्रमाणित हुने आधार छैन,' नेता पौडेलले बताए।

माओवादी सेना समायोजनको क्रममा वर्तमान राष्ट्रपति रामचन्द्र पौडेल शान्ति तथा पुनर्निर्माणमन्त्री थिए। शान्ति मन्त्रालयबाटै डिभिजनहरूमा रकम जान्थ्यो। त्यस आधारमा क्यान्टोनमेन्ट काण्डको यदि छानबिन भए राष्ट्रपति पौडेल पनि तानिनसक्ने अवस्था देखिएको छ। महालेखापरीक्षकको कार्यालयलेसमेत क्यान्टोनमेन्टमा कैफियत देखिएको जनाएको थियो। सेना समायोजनसम्बन्धी सम्पूर्ण विवरण शान्ति मन्त्रालय खारेज गरिएपछि गृह मन्त्रालयमा राखिएको छ।

●●●

### तीन सहकारीका...

उनीहरूको रकम लिलाम, साटासाट र बिक्रीबाट फिर्ता गरिने सरकारले जनाएको छ। उनीहरूले ३८ अर्ब ४२ करोड तीन लाख २९ हजार रूपैयाँ रकम पाउनुपर्ने छ।

मन्त्री अधिकारीले सहकारीबाट समस्यामा परेकाको समस्या समाधानका लागि कानुन संशोधनको तयारी गरिएको जानकारी दिए। ऋण नतिर्ने र एकाघरका परिवारका सदस्यको सम्पत्ति र राहदानी रोक्का गर्ने तयारी गरिएको पनि उनले बताए। 'सहकारीका बचतकर्ताको बचत फिर्ता गर्ने भनेको सहकारीकै सम्पत्ति बेचेर गर्ने हो, अन्त कतैबाट ल्याएर गर्ने होइन, सरकारले दिने पनि होइन,' अधिकारीले भने।

मन्त्रालयले अन्य केही सहकारीलाई पनि समस्याग्रस्त घोषणा गर्ने तयारी गरेको जानकारी पनि मन्त्री अधिकारीले दिए। मन्त्रालयका सचिव अर्जुनप्रसाद पोखरेलले बचत फिर्ता गर्ने र समस्या नआउने गरी कानुन संशोधनको तयारी भइरहेको बताए।

समितिका अध्यक्ष श्रीमणकुमार गौतमले बाँकी १९ वटा सहकारीका ऋणीलाई यही कात्तिक १५ गतेसम्म लिएको ऋण चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशन गरिएको बताए। नभए सहकारीका ऋणीको एकाघरका सदस्यको सम्पत्ति, राहदानी रोक्का गर्ने तयारी भएको गौतमले बताए। ऋण नतिर्ने ऋणीका परिवारका सदस्यको सम्पत्ति र राहदानी तिहारलगत्तै रोक्का गरिने उनको भनाइ छ।

### बागमतीमा दुई समस्याग्रस्त

दर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई बागमती प्रदेश सरकारले समस्याग्रस्त सहकारी घोषणा गरेको छ। प्रदेशको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयले मन्त्रीस्तरीय निर्णयबाट आइतबार काठमाडौंको कीर्तिपुरमा रहेको दर्शन सहकारीलाई समस्याग्रस्त सहकारी घोषणा गरेको हो।

यो सँगै बागमतीको सहकारी मन्त्रालयले समस्याग्रस्त घोषणा गरेका सहकारीको संख्या दुई पुगेको छ। यसअघि २०८० भदौ २१ गते सिभिल सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड काठमाडौंलाई समस्याग्रस्त गरेको थियो। नौ हजार ८५७ सेयर सदस्य रहेको दर्शन सहकारीले ५२ करोड ८२ लाख रूपैयाँ बचत रकम भुक्तानी फिर्ता दिन बाँकी रहेको पाइएको छ।

राष्ट्रिय स्वास्थ्य विज्ञान तथा अनुसन्धान परिषद
केन्द्रिय कार्यालयः काठमाडौं

**सूचना**

सूचना प्रकाशित मितिः २०८१।०७।१४

यस कम्पनीको विभिन्न ८ जना संस्थापक सदस्यहरूले विभिन्न मितिमा यस कम्पनीबाट राजिनामा दिएको पत्रको आधारमा विभिन्न मितिमा राजिनामा स्विकृत भएकोमा सक्कल राजिनामा पत्र विविध करणले पानिले नस्ट भएकोले के कती कारणले राजिनामा स्विकृत भएको हो जानकारी लिन चाहना हुनुहुनेले र राजिनामा स्विकृत हुनु नपर्ने कुनै कारण भए यो सूचना प्रकाशित मितिले ७ दिन भित्र हकदावी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। अन्यथा यसै सूचनालाई अन्तिम सूचना मानी संचालक सदस्यको लगत कट्टा गरिएको जानकारी सबैको लागि प्रकाशित गरिएको छ। पछी मैले राजिनामा दिएको हैन छैन भनी कही कतै उजुरी दिए यसै सूचनाको आधारमा सो उजुरी बदर गरिने छ। यस कम्पनीको लेखापरीक्षण प्रतिवेदन अनुसार सृजना भएको दायित्व समेत सबै संचालकबाट व्यहोर्नु पर्ने भएकोले यस सूचनाको बिस्तृत सूचना यस कम्पनीको सूचना पाटीमा मिति २०८१।७।११ गते टाँस गरिएको छ।

## एशियन क्यापिटल लिमिटेड

### नवौ बार्षिक साधारण सभा बस्ने सम्वन्धी सुचना

आदरणिय शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०८१ कार्तिक ११ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार निम्न लिखित मिति, स्थान र समयमा निम्न प्रस्तावहरु उपर छलफल गर्नका लागी कम्पनीको नवौं बार्षिक साधारण सभा बस्ने भएको हुदाँ कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पुर्ण शेयरधनी महानुभावहरुलाई जनकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

**सभाहुने मिति,स्थानर समय**
**मितिः** २०८१/०८/१४
**स्थान** : होटल काउन इम्पेरियल, रबिभवन काठमाण्डौं
**समयः** दिनको ४ बजे

**छलफलका बिषयहरु (प्रस्तावहरु)**

१. आर्थिक वर्ष २०८०/८१को संचालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्वन्धमा।
२. लेखापरिक्षको प्रतिवेदन सहित वर्ष २०८०/८१ को वासलात, नाफानोक्सान हिसाव, सोहि अवधिको नगदप्रवाह विवरण लगायत बित्तिय विवरणहरुमा छलफल गरि पारित गर्ने सम्वन्धमा।
३. आर्थिक वर्ष २०८१/८२को लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने सम्वन्धमा।
४. बिविध

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**
**एशियन क्यापिटल लिमिटेड**

**Government of Nepal**
**Ministry of Urban Development**
**Department of Urban Development and Building Construction**

## Project Office of Urban Development and Building Construction

**Babarmahal, Kathmandu**

### Invitation for Bids

**Date of publication: 2081/07/14**

**Project Office of Urban Development and Building Construction (PUDBC), Kathmandu invites electronic bids from eligible bidders for the following work under NCB Single Stage Single Envelope for S.N. 1 to5 & S.N. 7 to 24 and** NCB Single Stage Double Envelope for S.N. 6 bidding procedure. Bidders may obtain further information from the PPMO web portal www.bolpatra.gov.np/egp

| S. N | Contract No. | Name of Project | Total Estimate (Including PS and VAT) NRs. | Bid Document Fee NRs. | Bid Security NRs. |
|---|---|---|---|---|---|
| 1 | PUDBC/KTM/BAS/ NCB/WORKS-65/081/82 | Road Upgrading works in Kavresthali Kavri Gaun Purano School Batule Chour Shanti Dham Road Section, Tarkeshwor 02, kathmandu | 9655568.96 | 3000 | 242000 |
| 2 | PUDBC/KTM/BAS/ NCB/WORKS-66/081/82 | Road Upgrading works in Aath Mile Dandagaun Khyal Buccha Road Section, Tarkeshwor 03, kathmandu | 9657622.37 | 3000 | 242000 |
| 3 | PUDBC/KTM/BAS/ NCB/WORKS-67/081/82 | Road Upgrading works in Dharmasthali Basnet Tar Pushal Road Section, Tarkeshwor 06, kathmandu | 9657446.28 | 3000 | 242000 |
| 4 | PUDBC/KTM/BAS/ NCB/WORKS-68/081/82 | Road Upgrading works in Thakuri Dobato Kavresthali Main Road Section, Tarkeshwor 06, kathmandu | 9656837.36 | 3000 | 242000 |
| 5 | PUDBC/KTM/BAS/ NCB/WORKS-69/081/82 | Upgrading works of NaspatiBot-Damfupark-Puchhretol road in Namobudda Municipality-09, Kavrepalanchowk | 9656770.47 | 3000 | 242000 |
| 6 | PUDBC/KTM/BAS/ NCB/WORKS-70/081/82 | Infrastructure works in Narayan Pokhrel Academy Building, Nagarjun 07, Kathmandu | ……………….. | 5000 | 554000 |
| 7 | PUDBC/KTM/BAS/ NCB/WORKS-71/081/82 | Upgrading of Bojini Khahare road passing through the border of Kageshwori Municipality 4 and 5, (Joining alignment of Kageshwori Manohara-4, wada office to Simkhada Village, Kathmandu) | 9657222.94 | 3000 | 242000 |
| 8 | PUDBC/KTM/BAS/ NCB/WORKS-72/081/82 | Upgrading of Bhumisthali Pasu Office-khaibu's House - Healthpost Road in Gokarneshwor Municipality-2, Kathmandu | 9781342.09 | 3000 | 242000 |
| 9 | PUDBC/KTM/BAS/ NCB/WORKS-73/081/82 | Upgrading works of roads from Ratopati toAdhikari Gaun of Changunarayan Municipality-08, Bhatapur | 14776338.75 | 3000 | 370000 |
| 10 | PUDBC/KTM/BAS/ NCB/WORKS-74/081/82 | Upgrading works of Road from North of jhaukhel-Bopopul-Khashrangkhusrung-Militole Omkar village chowk of Changunarayan Municipality-03, Bhatapur | 16622902.30 | 3000 | 416000 |
| 11 | PUDBC/KTM/BAS/ NCB/WORKS-75/081/82 | Upgrading works of Road Loktantrik chowk to Jyotilingeshwor of Changunarayan Municipality-03, Bhatapur | 9656866.52 | 3000 | 242000 |
| 12 | PUDBC/KTM/BAS/ NCB/WORKS-76/081/82 | Upgrading works of roads in Nagadesh Dhunchepakha Madhapur Thimi-07, Bhaktapur | 9657559.24 | 3000 | 242000 |
| 13 | PUDBC/KTM/BAS/ NCB/WORKS-77/081/82 | Upgrading Bode Heritage Trail in Madhyapur Thimi-08, Bhaktapur | 9656068.30 | 3000 | 242000 |
| 14 | PUDBC/KTM/BAS/ NCB/WORKS-78/081/82 | Upgrading of Sushila Bhairab Mandir- Joshitol SS college bridge Road in Suryabinayak -05 and Ghyampedanda - Koldanda Road in Suryabinayak -07, Bhaktapur | 14776000.85 | 3000 | 370000 |
| 15 | PUDBC/KTM/BAS/ NCB/WORKS-79/081/82 | Upgrading of Baghmara- Lamatole- Gairigaun Road in of Changunarayan Municipality-06, Bhatapur | 9657346.30 | 3000 | 242000 |
| 16 | PUDBC/KTM/BAS/ NCB/WORKS-80/081/82 | Upgrading works of Road from Kamalpokhari to Lakila of Changunarayan Municipality-03, Bhatapur | 9657278.03 | 3000 | 242000 |
| 17 | PUDBC/KTM/BAS/ NCB/WORKS-81/081/82 | Upgrading works of Malpi- Bhumidanda road in Panauti Municipality Kavre | 9657203.54 | 3000 | 242000 |
| 18 | PUDBC/KTM/BAS/ NCB/WORKS-82/081/82 | Upgrading work of Ratomate Nayabu Road at Budhanilkantha Municipality-13, kathmandu | 9657053.87 | 3000 | 242000 |
| 19 | PUDBC/KTM/BAS/ NCB/WORKS-83/081/82 | Upgrading work of Pancheswor Chhoing Gumba Road at Budhanilkantha Municipality -03, kathmandu | 8240826.02 | 3000 | 207000 |
| 20 | PUDBC/KTM/BAS/ NCB/WORKS-84/081/82 | Upgrading work of Dudhapokhari ,Sim,Bhandari Gaun Road at kirtipur Municipality.-4,kathmandu | 9656950.20 | 3000 | 242000 |
| 21 | PUDBC/KTM/BAS/ NCB/WORKS-85081/82 | Road Upgrading Works in Miteri Marga along Nagarjun Municipality07 and chandragiri 12 and 13 respectively, Kathmandu | 9657604.79 | 3000 | 242000 |
| 22 | PUDBC/KTM/BAS/ NCB/WORKS-86/081/82 | Road Upgrading works along Syuchatar Main Road Gumoj upto Manamati Corridor secrtion,Nagarjun, Kathamandu | 9656734.72 | 3000 | 242000 |
| 23 | PUDBC/KTM/BAS/ NCB/WORKS-87/081/82 | Road Upgrading Works along Nagarjun 09 Dhunge Oralo and continuning through the wards 4,5,6,7 and 8 Section, Nagarjun,Kathmandu | 9656877.46 | 3000 | 242000 |
| 24 | PUDBC/KTM/BAS/ NCB/WORKS-88/081/82 | Road Upgrading works in Nakhandole Bainkhu upto Mudkhu Road Section, Tarkeshwor05, Kathmandu | 9657130.73 | 3000 | 242000 |

**Project Chief**

# सशस्त्र प्रहरीलाई प्रविधिमैत्री बनाइने

**काठमाडौं (प्रस)**– गृहमन्त्री रमेश लेखकले युग सुहाउँदो तालिम र प्रविधिसहितको परिचालनले मात्र अबका सुरक्षा चुनौती सामना गर्न सकिने बताएका छन् ।

राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान मातातीर्थमा मंगलबार आयोजित सशस्त्र प्रहरी निरीक्षक आधारभूत तालिम दीक्षान्त समारोहमा उनले सशस्त्र प्रहरीलाई प्रविधिमैत्री र चलायमान बनाउन मन्त्रालयले काम गरिरहेको बताए ।

गृहमन्त्री लेखकले भने, '७७ वटै जिल्लामा परिचालित सशस्त्र प्रहरीलाई थप जनशक्ति व्यवस्थापनका साथै भौतिक पूर्वाधार, युग सुहाउँदो बन्दोबस्ती सामग्रीले सुसज्जित गर्दै लैजान गृह मन्त्रालय प्रयासरत छ ।'

नीतिगत व्यवस्था र कार्यान्वयनको तहमा गर्नुपर्ने आवश्यक सम्पूर्ण सहयोग गर्न मन्त्रालयबाट तयार रहेको उनले उल्लेख गरे । उनले राज्यले सुम्पिएका जिम्मेवारीलाई विषम् परिपस्थितिमासमेत सशस्त्र प्रहरीले व्यावसायिक दक्षता प्रदर्शन गर्दै आएको बताए ।

मौजुदा स्रोतसाधनको प्रयोग गरी नतिजा हासिल गर्नेतर्फ विगत र वर्तमानजस्तै क्रियाशील रहिरहन सशस्त्र प्रहरीलाई गृहमन्त्री लेखकले निर्देशन दिए । 'सुरक्षा निकायका हरेक सदस्यले संविधान र प्रचलित ऐन-नियमको परिधिभित्र रही मानवअधिकारको संरक्षण र परिपालनामा कर्तव्यनिष्ठ भई कार्य गरेमा लोकतान्त्रिक संस्कार र विधिको शासन स्थापित हुँदै जान्छ,' उनले भने, 'विधिको शासन र कानुनी राज्यको मूल मर्मलाई आत्मसात् गर्दै कानुन पालना गर्ने/गराउने निकायले चनाखो एवं होसियार रहेर आफ्ना काम कारबाही सञ्चालन गर्नु/गराउनु अहिलेको आवश्यकता हो ।'

प्रशिक्षणलाई समयानुकूल आधुनिक र वैज्ञानिक बनाई राज्यलाई दक्ष अधिकृत निर्माणमा संगठनले खेलेको भूमिकाको प्रशंसा गर्दै मन्त्री लेखकले सशस्त्र प्रहरी एउटा निश्चित, स्पष्ट, वैज्ञानिक किसिमले सबैको हित हुने ढंगले अगाडि बढ्ने व्यवस्था गरिने बताए ।

### प्रभावमा नपरी जनसेवामा खटिन निर्देशन

सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले कुनै प्रभावमा नपरी जनसेवामा खटिन नवनियुक्त सशस्त्र प्रहरी निरीक्षकहरूलाई निर्देशन दिएका छन् । उनले राज्य, संगठन र आमनागरिकको आशा र अपेक्षालाई पूरा गर्ने ढंगबाट कार्यसम्पादन गर्न कार्यक्षेत्रमा परिचालित हुन निर्देशन दिए ।

महानिरीक्षक अर्यालले भने, 'विषम परिस्थितिमा मात्र नभई विपद् व्यवस्थापन, आकस्मिक खोज तथा उद्धार, हुलदंगा व्यवस्थापन, सीमा सुरक्षा, विशिष्ट व्यक्ति तथा महत्त्वपूर्ण प्रतिष्ठान सुरक्षा, औद्योगिक सुरक्षा, रेलवे सुरक्षालगायत राजस्व चुहावट नियन्त्रणजस्ता संवेदनशील जिम्मेवारीमा सिंगो संगठन प्रभावकारी रूपमा परिचालित भइरहेको छ । यहाँहरूले यसमा थप भूमिका निर्वाह गर्नु हुने छ ।'

त्यस अवसरमा आधारभूत तालिम सम्पन्न गरेका १६औं समूहका ४५ अधिकृत दीक्षित भएका छन् । जसमा तीन महिला र ४२ पुरुष छन् । आधारभूत तालिमको प्रथम प्रवचन २०८० साउन १० गतेदेखि सुरु भएको थियो । प्रतिष्ठानका कार्यकारी निर्देशक एवं सशस्त्र प्रहरी नायब महानिरीक्षक कमल गिरीले तालिमका क्रममा सहभागीलाई तीन चरणमा विभिन्न विषयवस्तुबारे प्रशिक्षित गरिएको जानकारी दिए ।

पहिलो चरणमा 'कन्भेन्सनल टचाक्टिस', व्यक्तिगत बन्दोबस्ती, कवाज, शारीरिक तालिम, नक्सा अध्ययन, हतियार तालिम, 'फिल्ड क्राफ्ट', 'ब्याटल क्राफ्ट', फायरिङ, प्राथमिक उपचार तथा परम्परागत युद्धकला सिकाइएको थियो । सहभागीलाई विभिन्न क्षेत्रका २१ विशेषज्ञले प्रशिक्षण दिएका थिए ।

दोस्रो चरणमा 'अनकन्भेन्सनल टचाक्टिस', हुल तथा दंगा व्यवस्थापन, महत्त्वपूर्ण प्रतिष्ठान तथा विशिष्ट व्यक्ति सुरक्षा, 'बेसिक पुलिसिङ' सीप र साहसिक तालिम तथा तेस्रो चरणमा नेतृत्व, प्रशासन व्यवस्थापन, अपराध अनुसन्धान, 'केस स्टडी', पुस्तक समीक्षा, अनुसन्धान प्रस्तावना लेखनलगायत विभिन्न क्रियाकलापबारे जानकारी गराइएको कार्यकारी निर्देशक गिरीले जानकारी दिए । तालिमका दौरान स्थानीय इलाकामा पहिलो चरणमा तीन/तीन दिन तथा दोस्रो चरणमा पाँच दिनको बाहिरी अभ्यास र तेस्रो चरणमा छ दिनको 'हाइब्रिड एक्सरसाइज' सञ्चालन गरिएको थियो ।

# तीनबुँदे सहमतिपछि रुबी खान समूहको आन्दोलन स्थगित

**काठमाडौं (प्रस)**– निर्मला कुर्मीको अपहरण, शरीर बन्धक तथा कर्तव्य ज्यानसम्बन्धी जाहेरीको विषयलाई लिएर गत साउन २५ गतेदेखि आन्दोलनरत रुबी खान र गृह मन्त्रालयका प्रतिनिधिबीच मंगलबार तीनबुँदे सहमति भएको छ ।

मंगलबार साँझ भएको सहमतिपत्रमा गृह मन्त्रालयका तर्फबाट उपसचिव दिलकुमार तामाङ र आन्दोलनरत पक्षका तर्फबाट रुबी खानले हस्ताक्षर गरेका छन् । उक्त सहमतिसँगै आन्दोलनरत पक्षले मंगलबारदेखि नै आन्दोलन स्थगित गरेको छ । सहमतिपत्रमा निर्मला कुर्मीको अपहरण शरीर बन्धक तथा कर्तव्य ज्यानसम्बन्धी जाहेरीसँग सम्बन्धित अनुसन्धान सम्बन्धमा गृह मन्त्रालय र आन्दोलनरत पक्षबीच गत असार १० गते भएको सहमतिअनुसार शीघ्र निरूपण गर्न नेपाल प्रहरी प्रधान कार्यालयमार्फत जिल्ला प्रहरी कार्यालय,

**निर्मला कुर्मी प्रकरण**

बाँकेलाई लेखी पठाउने र विगतमा अनुसन्धानमा संलग्न प्रहरी कर्मचारीलाई थप अनुसन्धानका लागि आवश्यकताअनुसार प्रहरी प्रधान कार्यालयले तत्काल काजमा खटाउने उल्लेख छ ।

यस्तै आन्दोलनरत पक्ष र उनीहरूको परिवारको सुरक्षा व्यवस्था मिलाउन नेपाल प्रहरी प्रधान कार्यालय र जिल्ला प्रशासन कार्यालय बाँकेलाई लेखी पठाउने तथा उल्लिखित प्रकरणका सम्बन्धमा विभिन्न माग राखी आन्दोलनरत पक्षले मंगलबारदेखि नै आन्दोलन अन्त्य गर्ने सहमति भएको छ ।

राष्ट्रिय मानवअधिकार आयोगकी पूर्वसदस्य मोहना अन्सारी, अधिकारकर्मी विजयबाबु शिवाकोटीसहित आन्दोलनरत पक्षका तर्फबाट मोहम्मद शेर वागवान, वसन्त रञ्जितकार, मनकुमारी गुरतालको रोहबरमा उक्त सहमति भएको वार्ताको नेतृत्व गरेका गृह मन्त्रालयका सूचना अधिकारी एवं उपसचिव दिलकुमार तामाङले जानकारी दिए ।

## पूर्वीचौकी गाउँपालिका
### गाउँकार्यपालिकाको कार्यालय
### सानगाउँ, डोटी, सुदूरपश्चिम प्रदेश

## बोलपत्र स्वीकृति गर्ने सम्बन्धी आशयको सूचना

**प्रकाशन मिति :२०८१/०७/१४**

यस पूर्वीचौकी गाउँपालिकाको कार्यालय, डोटीबाट मिति २०८१/०६/०२ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार तोकिएको मिति भित्र रितपुर्व दर्ता हुन आएका बोलपत्रदाताको बोलपत्र छनोट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा (२७) को उपदफा (२) बमोजिम को प्रयोजनार्थ उक्त बोलपत्रसँग सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| ठेक्का न. | विवरण | छनोट भएका बोलपत्रदाता | कबोल अंक रु.(पी.एस. तथा मु.अ.क बाहेक ) |
|---|---|---|---|
| PRM/DOTI/G/NCB-01/081/082 | Purchasing of Backhoe Loader | INFRASTRUCTURE LEASING AND CONSTRUCTION SERVICES PRIVATE LIMITED | 5044444.00 |
| PRM/DOTI/G/NCB-02/081/082 | 4WD Double cab pickup at Purbichauki Rural Municipality | MAW Vridhi Commercial Vehicles Pvt. Ltd. | 4291150.44 |

## नेपाल सरकार
### स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
## शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल
### टेकु, काठमाण्डौं

## बोलपत्र स्वीकृत हुने आशयको सूचना

**(सूचना प्रकाशित मिति : २०८१/०७/१४)**

यस अस्पतालबाट मिति २०८१/०५/०५ को प्रकाशित बोलपत्र आह्वानको सूचना STIDH/ GOODS/NCB/05-2081/82 अनुसार ई-विडिङ्ग मार्फत दर्ता हुन आएका बोलपत्रहरुको मिति २०८१/०६/१५ र २०८१/०७/०८ गतेको प्राविधिक तथा आर्थिक प्रस्तावको परिक्षणबाट तपशिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र न्युनतम मूल्याङ्कित भएकाले सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३, दफा २७ उपदफा २, ३ र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदातालाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल:**

| सि. नं. | बोलपत्र सूचना नं. | कामको विवरण | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम |
|---|---|---|---|---|
| 1 | STIDH/GOODS/NCB/ 05-2081/82 | Procurement of Surgical Goods | श्री Dalima Medisales Babarmahal, Kathmandu. | 9,006,416.40 with VAT |

**निर्देशक**

## मोटरसाइकल हरायो

द बेष्ट एण्ड इन्टरप्राइजेज कम्पनीको नाममा रहेको । निम्न व्योहोरा रहेको मोटर साइकल मिति २०८१/०६/१७ गते का.जि.ना.न.पा वडा नं. ०५ छकडोल घरको कम्पाउण्ड भित्र पार्किङबाट रातीको १२:०० बजे तिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरि दिनु होला ।

प्रकार – Renegade Sport S 300 C.C.
बाई नं. BA Pra- 87 PA 1041
चेसिस नं. MDCM3RSF1KK304820
इन्जिन नं. UXS300-2GC00864
रङ – Orange
ठेगाना – काठमाडौं
सम्पर्क – 9705828286

## कुवेतमा रोजगार

कम्पनी : Olive Arabia Company For Building And Road Cleaning Contracting

पूर्व स्वीकृति मिति २०८१/०७/१३ | LT. No.312859 | चलानी नं.६०२२७३०१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 10 | 10 | 85 | ३७,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Security Guard | 5 | 0 | 125 | ५४,८१० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कार्तिक २१ गते (6th Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.**
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com

## भुलसुधार

यस पत्रिकाको मिति २०८१ कात्तिक १३ गते प्रकाशितः **उदयपुरगढी गाउँपालिकाको बोलपत्र तथा शिलबन्दी आव्हान सम्बन्धी सूचना**को क्र. सं. २ र ३ नम्बर ठेक्काको बोलपत्र खुल्ने मिति २०८१/०७/२८ हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।

## साउदीमा रोजगार

कम्पनी : EKAL HUMAN RESOURCES CO.

पूर्व स्वीकृति मिति : २०७९/१२/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/१३ | LT. No. 284638 | चलानी नं. ६०२००००२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 77 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कार्तिक २६ गते (11th Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.**
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com
श्रम ईजाजत नं. ७७७/०६५/०६६

## सूचना

सम्मानित उच्च अदालतको आदेशानुसार यस लजगा: बचत तथा ऋण सहकारी संस्था लि. क्षेत्रपाटीको विशेष साधारणसभा निम्नानुसार बस्ने भएको हुँदा संचालक समितिका सबै पदाधिकारी र सदस्य महानुभावहरूलाई उपस्थितिको लागि अनुरोध गर्दछौं ।

मिति: २०८१ मंसिर १ गते ।
समय: दिनको १ बजे ।
स्थान: सोभिनियर ग्यालरि क्याफे, सोल्टिमोड ।

अध्यक्ष

## युएईमा रोजगार

कम्पनी : POWER RECRUITMENT LLC

पूर्व स्वीकृति मिति : २०८१/०७/१३ | LT. No. 312812 | चलानी नं. ६०२२७२९३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 100 | 0 | 800 | २९,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कार्तिक २१ गते (6th Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JOB CONNECT PVT. LTD**
Dhumbarahi-04, Kathmandu, Nepal, Tel : +977-14547330,
Email: info@jobconnect.com.np, Web: www.jobconnect.com.np
श्रम ईजाजत नं. १६७२/०८०/०८१

## युएइमा रोजगार

कम्पनी : SUMI STAR INTERIORS AND EXHIBITIONS L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०७/०७ | LT. No. 312630 | चलानी नं. ६०२२७२८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | False Ceiling Installer | 13 | 0 | 1200 | ४३,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Painter | 3 | 0 | 1200 | ४३,९५५ | | | | | | | |
| 3 | Painter Assistant/wood | 11 | 0 | 1200 | ४३,९५५ | | | | | | | |
| 4 | Turner Wood | 13 | 0 | 1200 | ४३,९५५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कार्तिक २४/२५/२६/२८/२९/३० र मंसिर १ गते (9/10/11/13/14/15/16 Nov. 2024) सम्म हुनेछ ।**
**झापा प्राविधिक सेन्टर, विर्तामोड, झापामा मितिः २०८१ कार्तिक २७ गते (12th Nov. 2024) सम्म हुनेछ ।**
**नोटः यस कम्पनीमा Carpenter सम्बन्धी कामदारको पनि माग भएको हुँदा इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1682/080/081
**NEPAL WORLD OVERSEAS PVT.LTD**
Tinkune-32, Kathmandu, Nepal, Contact: +977-15920448, 1-4986470, Mobile: 9849478677,
E-mail : nepalworldhr@gmail.com, md@nepalworldhr.com Web: www.nepalworldhr.com

## बर्दगोरिया गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
मुडा, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

## बोलपत्रको आशय सम्बन्धि सूचना

**प्रकाशित मिति २०८१/०७/१४ गते**

यस बर्दगोरिया गाउँपालिका कार्यालयको आ.व. २०८१।०८२ अन्तर्गत ठेक्का नं. 08/BRM/NCB/W/2081/082 को Construction या Ward no.3 ranikunda khalla seti lokmarga dekhi paschim jhalla khairani chowk samma Black top Road कार्यका लागि मिति २०८१।०६।११ गतेको E-Bid मार्फत प्रकाशित सूचना अनुसार तपसिलमा उल्लेखित बोलपत्रहरु न्युनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही देखिन आएकोले उल्लेखित बोलपत्रको स्वीकृतका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै फर्मको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| ठेक्का नं. | निर्माण फर्म/कम्पनी | कबोल रकम |
|---|---|---|
| 08/BRM/NCB/W/2081/082 | श्रीJaya Bhawani Construction Pvt.Ltd Ghodaghodi Municipality-01, kailali | ५२,९०,४२५।६७ (मु.अ.क.र पि.एस. सहित) |

**प्रमुख प्रशासकीय अधिकृत**

## कनकाई नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
जामुनवारी, झापा, कोशी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सच्याइएको सम्बन्धमा

सूचना प्रकाशन भएको मिति २०८१।०७।०८
सूचना सच्याइएको मितिः २०८१/०७/१४

यस कार्यालयबाट मिति २०८१ असोज ०८ गते को प्रभाव राष्ट्रिय दैनिक-मा नगर हस्पिटलको बीमा फार्मेसीमा आवश्यक औषधी तथा औषधीजन्य सामग्रीहरु खरिदका लागि आशयको सूचना तपशिल बमोजिम हुनु पर्नेमा अन्यथा भएको हुँदा सच्याइएको व्यहोरा अनुरोध छ ।

| सि. नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | औषधी तथा ओषधीजन्य सामग्रीहरुको संख्या | लागत अनुमान | कुल कबोल रकम (भ्याट सहित) |
|---|---|---|---|---|---|
| १ | Procurement of Medicine and Related Items for Hospital Pharmacy and Hospital Use Kanakai/NCB/Goods /1/2081-82 | श्री कालिमा ड्रग डिस्टिब्युटर अर्जुनधारा नगरपालिका, झापा | ८८ | रू. ६०,५७,६५०.५०।- | रू. २५,२२,२८३.७५/- अक्षरेपी पच्चिस लाख बाइस हजार दुई सय त्रियासी रुपैयाँ पचहत्तर पैसा मात्र ।- |
| २ | | श्री अमन फार्मेसी, विर्तामोड, झापा | ८९ | रू. ३८,६५,५००.०८ | रू.२३,७२,४१०/- अक्षरेपी तेइस लाख बहत्तर हजार चार सय दश रुपैयाँ मात्र ।- |
| ३ | | विशु मेडिसेल्स प्रा लि बिराटनगर मोरङ्ग | ८८ | रू. ५०,७९,०२८.५०।- | रू. २५,६९,९०८/- अक्षरेपी पच्चिस लाख उनन्सत्तरी हजार नौ सय आठ रुपैयाँ मात्र ।- |
| जम्मा | | | २६५ | रू.१,५०,०२,१७९.०८ | रू. ७४,६४,६०१.७५/- अक्षरेपी चौरहत्तर लाख चौसठ्ठी हजार छ सय एक रुपैयाँ पचहत्तर पैसा मात्र ।- |

**बोधार्थ**
सम्पूर्ण Procurement of Medicine and Related Items for Hospital Pharmacy and Hospital Use Kanakai/NCB/Goods /1/2081-82 सँग सम्बन्धित बोलपत्र दाताहरु

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### साफ च्याम्पियनसिपमा इतिहास रच्ने अवसर

**आज साँझ दशरथ रंगशालामा साफ महिला च्याम्पियनसिप उपाधिका लागि नेपाल बंगलादेशसँग भिड्दै छ। घरेलु मैदानका समर्थकको भरपुर साथ रहने छ नै, तनावपूर्ण खेलमा भारतलाई हराएर फाइनलमा स्थान बनाएको कारण पनि उच्च मनोवलका साथ मैदानमा उत्रने तयारीमा छ नेपाली टोली। यो नेपाली महिला राष्ट्रिय टोलीका लागि सुवर्ण अवसर पनि हो। तर, प्रतिद्वन्द्वी छ डिफेन्डिङ च्याम्पियन बंगलादेश।**

**हुन त नेपाली टोलीका सावित्रा भण्डारी 'साम्बा' फर्ममा छिन्। गोल मेसिनका रूपमा चिनिने साम्बाको फूर्तिलो प्रदर्शनलाई नेपाली टोलीको साथ छ। यसैले पनि ३८ वर्षदेखिको उपाधिको भोक मेट्ने प्रयासमा नेपाली टोली लागिपरेको छ। नेपाली टोलीका लागि अर्को सुखद् पक्ष भनेको साम्बासँगै, फुटबल टोलीकी कप्तान तथा गोलरक्षक अञ्जिला तुम्बापो, रेखा पौडेल, अमिशा कार्की, सविता रानामगर, रश्मी घिसिङ, गीता राना, दीपा शाही, प्रीति राई, अमृता जैसी, चन्द्रा भण्डारी, मिडफिल्डर सरस्वती हमाल र डिफेन्डर सविना चौधरी उच्च लयमा खेलिरहेका छन्।**

**तर यसअघिको च्याम्पियन बंगलादेश पनि कम्तीको छैन। उसले फाइनलमा नेपाल भेट्न भुटानलाई सात गोल गरेको छ भने भारतलाई ३-१ ले हरायो। त्यसो त नेपालले पनि श्रीलंकालाई ६-० ले हराउँदै सेमिफाइनलमा भारतसँग प्रतिस्पर्धा गऱ्यो। तनावपूर्ण खेलमा भारतसँग १-१ को बराबरी भएपछि खेल टाइब्रेकरमा पुगेर नेपालको पक्षमा आयो नतिजा। नेपालका लागि खुसीको विषय हो बंगलादेशी टोलीमा भएको विवाद। सिनियर खेलाडीहरू प्रशिक्षक पिटर बटलरको निर्णयको विरुद्धमा छन्। पिटरले नयाँलाई मात्र अवसर दिएको भन्दै उनीहरू असन्तुष्ट हुँदा विवाद चर्किएको हो। तर, घरझगडाले अरू कमजोर भएपछि स्वतः जितिन्छ भन्ने मानसिकता नेपालले त्याग्नुपर्छ।**

**घरेलु मैदानमा आज साँझ साढे ६ बजेबाट नेपाल साफ च्याम्पियनसिप जित्ने सपना पूरा गर्न भरपुर प्रयासका साथ दशरथ रंगशालामा उत्रने छ। उपाधिका लागि फाइनलमा नेपालको प्रयास खेर जान नदिन १२ औं खेलाडीको भूमिकामा दर्शकको साथ रहने निश्चित छ। यस्तो अवस्थामा यसपटक प्रशिक्षक राजेन्द्र तामाङ इतिहास रच्न तम्सिएका देखिन्छन्। घरेलु मैदान र दर्शकको साथलाई अतिरिक्त ऊर्जाको रूपमा लिने तयारीमा छन् प्रशिक्षक तामाङ। सन् १९८६ बाट उपाधिका लागि अन्तर्राष्ट्रिय खेल थालेको नेपाली महिला टोलीका लागि आजको खेल निकै महत्त्वपूर्ण हुने छ नै। ३८ वर्षदेखिको उपाधिको धोको आज पूरा होस्, चेलीहरूलाई हार्दिक शुभकामना।**

# नेपाल र भारतबीच फुटबल, चलचित्रजस्तै



■ राजु सिलवाल

> अब आज बंगलादेशविरुद्धको फाइनलमा सावित्रासहितका नेपाली महिला फुटबल टिमसँग आबद्ध खेलाडीहरूले साफ च्याम्पियनसिप उपाधि पहिलोपटक मुलुकलाई दिलाउन अझ उत्कृष्ट योगदान दिने अपेक्षा नेपाली फुटबलप्रेमीहरूले गरेका छन्। गत छैटौं महिला साफ च्याम्पियनसिपको फाइनलमा बंगलादेशसँग एक गोलका विरुद्ध तीन गोलले पराजय भोग्नुपरेको पीडा नेपाली महिला खेलाडीहरूले भुलेका छैनन्।

विश्व कीर्तिमानी आरोही फुर्वा तेन्जिङ शेर्पाले गत वसन्त ऋतुमा सगरमाथाको चुचुरोमा नेपाली राष्ट्रिय फुटबल टिमकी गोलकिपर एञ्जिला तुम्बापो सुब्बाको तस्बिर अंकित टिसर्ट प्रदर्शन गरेका थिए। गोलकिपर सुब्बाको जीवनीमा आधारित 'एञ्जिला' नामक चलचित्रको प्रवर्द्धनका सिलसिलामा उक्त टिसर्ट सगरमाथा लगिएको थियो। आगामी माघ ११ गतेदेखि सार्वजनिक हुने उक्त चलचित्रमा प्रसिद्ध अभिनेता दयाहाङ राईलगायतका कलाकारसँग गोलकिपर सुब्बाले मुख्य पात्र बनेर अभिनय गरेकी छन्। चलचित्रको पोस्टरमा गोलकिपर सुब्बाले बल समाइरहेको तस्बिर छापिएको छ।

आइतबार काठमाडौंको दशरथ रंगशालामा उनै गोलकिपर सुब्बा कप्तान रहेको नेपाली राष्ट्रिय महिला फुटबल टिमले भारतसँग खेलेको सातौं महिला साफ च्याम्पियनसिप फुटबल प्रतियोगिताको सेमिफाइनल खेल कुनै चलचित्र प्रदर्शनभन्दा कम भएन। खेलमा प्रतिस्पर्धा, तनाव, विवादास्पद अवस्था, रोमाञ्चकारी क्षण तथा सुखद अनुभूतिजस्ता अनुभव दर्शकहरूले गरेका थिए। राति अबेरसम्म फुटबल प्रतियोगिता हेरेपछि नेपाल राष्ट्रिय आधारभूत विद्यालयबाट अवकाश प्राप्त पूर्वप्रधानाध्यापक दीपक कपालीले नेपाल र भारतबीचको फुटबल प्रतियोगिता कुनै चलचित्र हेरेजस्तै रोमाञ्चकारी लागेको टिप्पणी गरेका छन्।

लिग चरणमा समूह विजेता बनेपछि चिर प्रतिस्पर्धी भारतसँगको प्रतिस्पर्धालाई नेपाली दर्शकहरूले निकै महत्त्व दिएका थिए। घरेलु मैदानमा हजारौं नेपाली फुटबलप्रेमीहरूको उपस्थितिमा खेल्न पाउनु नेपाली फुटबल खेलाडीहरूका लागि महत्त्वपूर्ण अवसर थियो। नेपाली राष्ट्रिय महिला टिमका प्रशिक्षक राजेन्द्र तामाङले सन् २०२२ मै भारतलाई नेपालले हराए पनि प्रतिस्पर्धीसँग सतर्क भएर खेल्नुपर्ने बताएका थिए। उनी नेपालको टिममा दक्षिण तथा मध्यएसियाकै उत्कृष्ट स्ट्राइकर भएकामा ढुक्क थिए। भारतीय प्रशिक्षक सन्तोषकुमार कस्यप भने सधैं खाली रंगशालामा खेल्ने गरेका महिला खेलाडीहरूले आइतबार भरिभराउ रंगशालामा खेल्न पाएकामा खुसी देखिन्थे। विगतमा महिला फुटबल प्रतियोगिताहरूमा दर्शकहरूको उपस्थिति कमै हुने गरेको थियो। तर, करिब १५ हजार दर्शक क्षमताको दशरथ रंगशाला हिजो खचाखच भरिएको थियो। यसबाहेक टेलिभिजन प्रसारण तथा सामाजिक सञ्जाल युटचुबका माध्यमबाट पनि लाखौं फुटबलप्रेमीहरूले यो खेल हेरेका थिए।

महिला साफ च्याम्पियनसिप फुटबल प्रतियोगिता पाँचपटक जितिसकेको भारत तथा उक्त प्रतियोगितामा पाँचपटक नै उपविजेता बनेको नेपालबीचको आइतबारको फुटबल खेल पूर्वाद्ध अवधिमा प्रतिस्पर्धात्मकरूपले अघि बढेको थियो। दुवै पक्षबाट गोल आफ्नो पक्षमा गर्ने प्रयास गरेता पनि सफलता भने मिलिरहेको थिएन। यस अवधिमा भारतीय खेलाडीहरूले बढी फल खेलेको देखिएको थियो।

### भुटानी रेफ्रीको निर्णय

मध्यान्तरपछिको ५१औं मिनेटमा भुटानी रेफ्री ओम चोकीले नेपालकी स्ट्राइकर रेखा पौडेललाई दोहोरो पहेँलो कार्डसहित रातो कार्ड देखाएर मैदानबाट बाहिर निकालेपछि खेल तनावपूर्ण हुन सुरु भएको थियो। रेखा नेपाली फुटबल टिमकी पहिलो रोजाइकी स्ट्राइकर हुन्। यसपालिको प्रतियोगितामा उनले नेपाली खेलाडीहरूमध्ये सर्वाधिक सात गोल गरिसकेकी थिइन्। युएईमा क्लबमा आबद्ध भई व्यावसायिक खेल खेलिरहेकी उनलाई निकाल्ने रेफ्रीको निर्णयपछि दर्शकहरू आक्रोशित बनेका थिए। त्यसपछि रंगशालामा सुरक्षाकर्मीहरू बढाइएको थियो। स्ट्राइकर पौडेलले अब नेपालले बंगलादेशसँग खेल्ने फाइनल खेल गुमाउने छिन्।

रेखालाई मैदानबाट निकालिएपछि खेल केही बेर अवरुद्ध बनेको थियो। १० खेलाडीमा सीमित नेपाली पक्षलाई ७२औं मिनेट भारतीय टिमकी संगीता बासफोरले गोल गरेकी थिइन्। त्यसको लगत्तै नेपाली पक्षका तर्फबाट प्रिती राईले गोल गरे पनि रेफ्री चोकीले मान्यता नदिएपछि खेल पुनः करिब एक घण्टा १५ मिनेट रोकिएको थियो। यसअघि दशरथ रंगशालामा यसरी लामो अवधिसम्म खेल रोकिएको उदाहरण छैन। जाडोयाममा रातिको समयमा लामो समयसम्म खेल रोकिए पनि फुटबलप्रेमीहरू आ-आफ्नो स्थानमा नै रहिरहेका थिए। रेफ्री चोकीले सुरुमा गोल भएको संकेत गरेता पनि सहायक रेफ्री र फोर्थ अफिसियलको संकेतअनुसार गोललाई मान्यता नदिएपछि विवाद बढेको थियो। नेपाली खेलाडीहरूले खेल्न नमानेपछि उनीहरूलाई मनाउन फुटबल पदाधिकारीहरूले धेरै प्रयास गरेका थिए। नेपाली टिमले खेल पुनः सुरु नगरे कारबाही गर्न सकिनेसम्मको जानकारी साफ च्याम्पियनसिपका सम्बन्धित अफिसियलहरूले दिएपछि नेपाली टिम पुनः खेल्न मञ्जुर भएको नेपाली प्रशिक्षक तामाङले जानकारी दिएका छन्।

खेल पुनः सञ्चालन भएलगत्तै नेपाली स्ट्राइकर सावित्रा भण्डारी 'साम्बा' ले गोल फर्काई आफ्नो टिमलाई बराबरीको स्थितिमा लग्न सफल भएकी थिइन्। दक्षिण एसियाकै उत्कृष्ट स्ट्राइकरमध्ये मानिएकी उनले गोल गरेर मुलुकको शिर उँचो त बनाइन् तर गोल गरेको जोसमा मैदानबाहिर निस्किएर टिसर्ट खोलेकामा रेफ्री चोकीबाट पहेँलो कार्ड ब्यहोर्न बाध्य बनिन्। खेलको निर्धारित समयमा एक-एक गोल भई बराबरीमा टुंगिएपछि समय नथपेर गराइएको 'टाइब्रेकर'मा नेपालले भारतलाई दुई गोलका विरुद्ध चार गोलले पराजित गरी फाइनलको ढोका खोलेको थियो।

टाइब्रेकरका लागि दुवै पक्षले गोलकिपरसमेत परिवर्तन गरेका थिए। भर्खरै मैदान प्रवेश गरेकी नेपाली गोलकिपर अञ्जना रानामगरले दुईवटा पेनाल्टी बचाएर मुलुकलाई जिताउन महत्त्वपूर्ण भूमिका निभाएकी थिइन्। साँझ ६ बजेर ३० मिनेट जाँदा सुरु भएको उक्त फुटबल तीन घण्टाभन्दा बढी चलेको थियो। खेल समाप्त हुँदा रातिको झन्डै १० बजिसक्दा पनि पनि दर्शकहरू प्यारापिटको सिटबाट नउठेर नेपाली टिमको जितमा खुसियाली मनाइरहेका थिए।

### भुटानसँगको त्यो बराबरी

सातौं साफ महिला च्याम्पियनसिपमा नेपालको पहिलो खेल नै बिग्रेको थियो। विगतमा पराजित गर्दै आएको भुटानलाई कुनै गोल गर्न नसकी पराजित गर्न नसकेकामा नेपाली टिमले आलोचना पनि ब्यहोर्नुपरेको थियो। नेपाललाई भुटानी टिम भारी सावित हुन पुगी लिग खेल गोलरहित अवस्थामै टुंगिएको थियो। सो खेलमा नेपाली खेलाडीहरूले टिममा खेल नखेली व्यक्तिगत खेलेकाले गोलरहित खेल व्यहोर्नुपरेको स्वयं नेपाली टिमका प्रशिक्षक तामाङले पत्रकारहरूलाई बताएका थिए।

पूर्व स्वीकृति मिति : २०८०/१२/१० | पून: विज्ञापन स्वीकृति मिति : २०८१/०७/१३ | LT. No. 302393 | चलानी नं. ६०२२७१८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 44 | 48 | 900 | ३२,९६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक २१ गते (6th Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**PREMIUM HUMAN RESOURCE**
Govt. License 1631/080/081
Samakhusi-3, Kathmandu, Tel: 5917815, 5917814, 9851230753, Email: hr@premiumhr.com.np, Web: www.premiumhr.com.np

## साउदीमा रोजगार
कम्पनी : THE THREE BROTHERS FOUNDATION FOR SUPPORT SERVICE

पूर्व स्वीकृति मिति : २०८१/०७/०९ | LT. No. 312787 | चलानी नं. ६०२२७२४८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tea Coffee Maker | 1 | 0 | 1500 | ५३,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक २० गते (5th Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**RECENT JOB PLACEMENT PVT. LTD**
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com
श्रम ईजाजत नं. १३१८/०७४/०७५


## कालिका नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### रेडक्रसग्राम, चितवन

**वोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(सूचना प्रकाशन मिति: २०८१-०७-१४)

यस कालिका नगरपालिकावाट तपसिलमा उल्लेखित मितिमा प्रकाशित बोलपत्र आव्हान सूचनाको म्याद भित्र पर्न आएका बोलपत्रहरुको मूल्यांकन हुँदा न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही तपसिल अनुसारको बोलपत्र स्वीकृतिका लागि पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) प्रयोजनका लागि बोलपत्र स्वीकृत गर्ने आशयको ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

| S. N. | Bid IFB No. | Name of Projects | Date of Notice Publication | Quoted Amount with VAT and PS (NRs.) | Name of Lowest Evaluated Substantially Responsive Bidder | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | 03/Works/NCB/KM/081/082 | Different Blacktopped Road Construction at Ward No. 1 | 2081-05-30 (15th September, 2024) | 42,46,371.15 | Divine Engineering and construction pvt. ltd., Bharatpur Metropolitan City- 02, Chitwan | |
| 2 | 04/Works/NCB/KM/081/082 | Different Blacktopped Road Construction at Ward No. 5 | 2081-05-30 (15th September, 2024) | 49,28,658.00 | Divine Engineering and construction pvt.ltd., Bharatpur Metropolitan City- 02, Chitwan | |
| 3 | 05/Works/NCB/KM/081/082 | Different Blacktopped Road Construction and road upgrading at Ward No. 6 | 2081-06-02 (18th September, 2024) | 62,79,566.14 | Siraichuli Nirman Sewa, Kalika-7, Chitwan | |
| 4 | 06/Works/NCB/KM/081/082 | Blacktopped Road Construction at Different Ward of municipality ward No. 7, 4 and 3 | 2081-06-02 (18th September, 2024) | 55,19,766.06 | Kingfisheer Construction and Suppliers Pvt. Ltd., Kalika-2, Chitwan | |
| 5 | 08/Works/NCB/KM/081/082 | Different Blacktopped Road Construction at Ward No. 2 | 2081-06-08 (24th September, 2024) | 49,00,690.25 | Kingfisheer Construction and Suppliers Pvt. Ltd., Kalika-2, Chitwan | |
| 6 | 09/Works/NCB/KM/081/082 | Geeta Kumalko Ghar Dekhi Club Chowk Nala Nirantarata-7 | 2081-06-08 (24th September, 2024) | 24,06,455.71 | Famous Habile Construction And Engineering Pvt. Ltd., Kalika-07, Chitwan | |
| 7 | 10/Works/NCB/KM/081/082 | Danda Kumar Ghar Kholsi Agingarey Culvert Adhuro Nirman | 2081-06-08 (24th September, 2024) | 19,16,454.19 | Amalachuli Nirman Sewa, Kalika Municipality-09, Chitwan | |

प्रमुख प्रशासकीय अधिकृत

## Kaligandaki Rural Municipality
### Office of the Rural Municipal Executive
### Birgha, Syangja

**Invitation for Online Bids**

**Date of publication: 30th October 2024 (14th Kartik 2081)**

1. Kaligandaki Rural Municipality,Syangja invites **electronic bids** from eligible bidders for following works:

| S. N | Contract No. | Name of contract | Bid Security Amount (validity period) | Estimated Amount (without VAT and PS) | Bid document fee | Bid submission Date and time |
|---|---|---|---|---|---|---|
| 1 | KLGD/W/NCB/UBJ/05/081/082 | Upgrading of Access road to Bhagawati Namuna School and Janata School | 82,000 (120days) | 28,73,521.89 | 3000 | Last submission: 2024-11-29 12:00hrs Bid Opening: 2024-11-29 13:00Hrs |

2. Eligible bidders may obtain further info and inspect the bidding document at the office of Kaligandaki Rural Municipality or may Visit PPMO website www.bolpatra.gov.np/egp

## Letang Municipality
### Office of Municipal Executive
### Letang, Morang
### Koshi Province, Nepal

**INVITATION FOR BIDS**

**Date of Publication: 30 October 2024 (2081 Kartik 14)**

1. The Letang Municipality, Morang invites electronic bids from eligible bidders for the procurement **following procurement works as detailed in the table below.**
2. Eligible Bidders may obtain further information at the office of Letang municipality, Morang or may visit PPMO's website www.bolpatra.gov.np/egp or refer to bid documents.
3. Sealed bids must be submitted through the e-GP system i.e. www.bopatra.gov.np/egp **on or before 29 November 2024 (2081 Mangsir 14) at 12:00**. Bids received after this deadline will be rejected.

| S. No. | IFB No. | Particulars | Estimated Cost with PS without VAT (NRs.) | Bid Security Amount (NRs.) | Cost of Bidding Document (NRs) | Bid/Bidsecurity Validity Period (Days) |
|---|---|---|---|---|---|---|
| 1 | LM/MOR/NCB/W/2081-82/03 | Construction of Kamalpur stadium infrastructure | 21,36,741.90 (Disclosed as per Rule 49 of PPR 2064) | 60,000 | 3,000 | 90 days / 120 days |
| 2 | LM/MOR/NCB/W/2081-82/04 | Interlock paving work in front of ward 4 office | 17,71,052.36 (Disclosed as per Rule 49 of PPR 2064) | 60,000 | 3,000 | 90 days / 120 days |
| 3 | LM/MOR/NCB/W/2081-82/05 | Mahabharat Ma Bi Tala Thap | 19,84,071.86 (Disclosed as per Rule 49 of PPR 2064) | 60,000 | 3,000 | 90 days / 120 days |

**Chief Administrative Officer**

# प्रभाव दैनिक





## 'मेरी आम्मै' सिरियल ल्याउँदै बान्द्रे

टेलिसिरियल 'मेरी बास्सै'बाट चर्चामा आएका कलाकार सुरोज चपागाईं 'बान्द्रे'ले नयाँ सिरियल ल्याउने भएका छन् । उनले 'मेरी आम्मै' नामक नयाँ सिरियल ल्याउन लागेका हुन् । सिरियल आगामी शनिबार (कात्तिक १७) देखि आउने उनले बताए । बान्द्रेकै लेखन र निर्देशन रहने सिरियलमा उनको अलवा 'मेरी बास्सै'की मैयाँ अर्थात सुनिता गौतमको पनि अभिनय रहनेछ । 'मेरी बास्सै'मा बान्द्रे र मैयाँ दिदी-भाइको भूमिकामा थिए । बान्द्रेका अनुसार उनले यो सिरियल आफ्नै युट्युब च्यानल 'बान्द्रे नारायण'बाट ल्याउन लागेका हुन् ।






# नेपाली र भारतीय कलाकारको अभिनयमा 'ह्रस्व दीर्घ'



■ प्रभाव संवाददाता

**काठमाडौं–** निर्देशक चन्द्र पन्तले नेपाली र भारतीय कलाकारहरूले अभिनय रहेको चलचित्र 'ह्रस्व दीर्घ'ले कला, संस्कृतिसँगै एक आपसमा सामीप्यता बढाउने बताएका छन् । चलचित्रको निर्माण प्रारम्भ गर्दा नेपाली कलाकार नै रहे पनि पछि भारतीय कलाकारहरूलाई प्रस्ताव गरिएको उनले जानकारी दिए ।

'हामीले नेपाली धेरै कलाकारलाई प्रस्ताव गरेका थियौं । यहाँ सहकार्य नजुटेपछि चलचित्रको बजार विस्तार गर्न भारतीय कलाकारलाई प्रस्ताव गयौं । उहाँहरूले स्वीकार गरेपछि अहिलेको सहकार्य सम्भव भएको हो', निर्देशक पन्तले भने ।

उनले अहिलेसम्म चलचित्र नदेखाइएको विषयमा आफ्नो समूहले कथा तयार गरेर 'ह्रस्व दीर्घ' तयार गरेको दावीसमेत गरे । उनले दुई देशका प्रसिद्ध कलाकारको सहकार्यले नेपाली चलचित्रको बजारलाई दक्षिण भारतमा विस्तार गर्न टेवा पुग्ने विश्वास व्यक्त गरे ।

'हामीले दक्षिण भारतका प्रसिद्ध कलाकारसँग काम गरेका कारण त्यहाँ चलचित्रको चर्चा छ । हामीले छिटै त्यहाँ प्रदर्शनको बारेमा जानकारी दिने छौं । त्यो चलचित्र उद्योगमा नेपाली चलचित्रको चर्चा भएको सुन्दा खुसी लाग्छ', निर्देशक पन्तले भने ।

अभिनेत्री विपना थापाले पनि निर्देशक पन्तकै कुरामा सहमति जनाउँदै भारतीय पत्रपत्रिकामा नेपाली चलचित्र चर्चाले आफूलाई हर्षित बनाएको बताइन् । उनले भनिन्, 'मेरो एउटा सपना नै थियो, कि हाम्रो चलचित्रको विषयमा भारतमा चर्चा होस्, हाम्रो काम र मेहनत त्यहाँका कलाकारले देखुन् र बुझुन्, त्यो यसपटक पूरा भयो । यो चलचित्र 'ह्रस्व दीर्घ' मार्फत भएको नेपाली चलचित्रको प्रवर्द्धन आउँदो समयमा सबैले महसुश गर्नुहुने छ ।'

एउटै नक्षत्र, ग्रह र भाग्य भएका जोडीको सम्बन्ध र उनीहरूका जीवनमा आउने आरोह-अवरोहको कथामा आधारित चलचित्रलाई ज्योतिष हरिहर अधिकारीले लेखेका हुन् । उनले यो विषय दर्शकलाई रोचक लाग्ने भएकाले आफूले चलचित्रमा ल्याउने आट गरेको बताए ।

'यो पूर्णरूपमा ज्योतिषशास्त्रमा आधारित चलचित्र होइन्, तर विषयवस्तुसँग जोडिएको छ । हामीले आफ्नोपन दिन पनि यसमा नेपाली धर्म र संस्कृतिको प्रयोग गरेका छौं । यद्यपि यो पूर्णरूपमा मनोरञ्जनात्मक चलचित्र हो', ज्योतिष अधिकारीले भने । चलचित्रमा ज्योतिष अधिकारीसँगै अभिनेत्री नीता ढुङ्गाना, गरिमा शर्मा, रेखा थापा, प्रशान्त ताम्राकार, सञ्चीता लुईटेल, सरोज खनाल, रवीन्द्र झासँगै भारतीय कलाकार ब्रह्मानन्दम, अली, सुनिल वर्मा, प्रदीप रावत, कबीर दुहन सिंहलगायतले अभिनय गरेका छन् ।

कात्तिक ३० गतेदेखि यो चलचित्र नेपालीसँगै हिन्दी, तेलुगु भाषासमेतमा प्रदर्शन हुने निर्माण पक्षले जानकारी दिएको छ ।

## रंगशाला

### साफ च्याम्पियनसिप

## नेपाल र बंगलादेशबीच उपाधि भिडन्त आज

# नेपाललाई बदला लिने अवसर

■ प्रभाव संवाददाता

**काठमाडौं–** साफ महिला च्याम्पियनसिपको फाइनलमा बुधबार नेपाल र बंगलादेश भिड्दै छन् । फाइनल खेल त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा साँझ ६:३० बजेदेखि सुरु हुदैछ । फाइनलका लागि दुवै देश तयार रहेको नेपाल र बंगलादेशका कप्तान तथा प्रशिक्षकले बताएका छन् ।

मंगलबार रंगशालामा आयोजित प्री-म्याच प्रेस कन्फ्रेन्समा नेपालका मुख्य प्रशिक्षक राजेन्द्र तामाङले बंगलादेशलाई पराजित गर्दै उपाधि जित्ने लक्ष्यका साथ नेपाली टोली मैदानमा उत्रिने बताए । उनले यसअघि भएका खेलमा देखिएका गल्तीलाई सुधार गरेर फाइनल खेल्ने बताए ।



नेपाली राष्ट्रिय महिला फुटबल टिमकी कप्तान एन्जिला तुम्बापो सुब्बाले उपाधि जित्ने गरि खेल्ने बताइन् । कप्तान एन्जिलाले नेपालको लागि उपाधि जित्ने अवसर भएकाले यो अवसर खेर नफाल्ने बताइन् । उनले नेपाली टिम अहिले एकजुट भएर खेलिरहेकोले फाइनलको नतिजा आफ्नो पक्षमा हुनेमा विश्वस्त रहेको बताइन् ।

त्यस्तै बंगलादेशका प्रशिक्षक र कप्तानले पनि राम्रो खेलेर नतिजा आफ्नो पक्षमा पार्ने दाबि गरेका थिए । यसअघि सम्पन्न सेमिफाइनलमा नेपालले भारतलाई र बंगलादेशले भुटानलाई पराजित गरेर फाइनलमा पुगेका हुन् । अघिल्लो पटक २०२२ मा काठमाडौंमै भएको साफमा बंगलादेशले फाइनलमा नेपाललाई १-० ले पराजित गर्दै उपाधि जितेको थियो ।

नेपालले फाइनल प्रवेशका लागि सेमिफाइनलमा तनावपूर्ण खेलमा पेनाल्टीमा भारतलाई पराजित गरेको थियो ।

### टिकट आज बिहानदेखि बेचिने

अखिल नेपाल फुटबल संघ (एन्फा) आफैंले फाइनलको टिकट आज (बुधबार) बिहानबाट बिक्री गर्ने भएको छ ।

माउन्ट एभरेस्ट स्पोर्ट्स एन्ड इभेन्ट्स प्रालिले टेन्डर प्रक्रियामार्फत ८० लाख रूपैयाँमा साफ च्याम्पियनसिपको टिकेटिङ अधिकार लिएको थियो । आइतबार करिब १५ हजार दर्शक क्षमता रहेको रंगशालामा १८ हजार ९ जना दर्शकलाई प्रवेश दिएको म्याच रिपोर्टमा सार्वजनिक भएको थियो। लगत्तै एन्फाले क्षमताभन्दा बढी टिकट बिक्री गरेको भन्दै बंगलादेश र नेपालबीच हुने फाइनल खेलको टिकट बिक्री रोकेको थियो ।

एन्फाले जावलाखेल खेलमैदान, एन्फा कम्प्लेक्स र भद्रकालीस्थित आर्मी अफिसियल केन्द्रबाट बुधबार बिहान ८ बजेबाट टिकट बिक्री गर्ने जानकारी दिएको हो । एन्फाका अनुसार भिआइपीतर्फ एक हजार र सामान्यतर्फ १० हजार टिकट बिक्री गरिने छ । भिआइपीतर्फ एक हजार र सामान्यतर्फ ५०० रूपैयाँ टिकटदर तोकिएको छ ।

### फाइनलमा रेखा अनुपस्थित

सेमिफाइनलमा भारतसँगको खेलमा दोहोरो पहेंलो कार्ड पाएकी नेपालकी स्टार स्ट्राइकर रेखा पौडेलले फाइनलमा उपलब्ध हुनेछैनन् । उनी दोहोरो पहेंलो कार्डका कारण रेडकार्ड खाएपछि एक खेल गुमाएकी हुन् ।

# त्रियुगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
गाईघाट, उदयपुर
कोशी प्रदेश, नेपाल

## आ.ब २०८१/०८२ को लागि ढुंगा, गिटी, ग्राभेल, बालुवा, उत्खनन्, संकलन, बिक्रि कर उठाउने सम्बन्धी (बढाबढ) बोलपत्र आव्हानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०७/१२**

नेपालको संविधान २०७१ को अनुसूची-८ तथा स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ घ को (६) र त्रियुगा नगरपालिकाको निर्णय बमोजिम स्थानिय तहको अधिकार क्षेत्र भित्रका देहाय बमोजिमका ठेक्का ई विड (बढाबढ) बोलपत्र मार्फत बन्दोबस्त गर्नुपर्ने भएकाले ६४ दिने अवधि राखी पहिलो पटकको लागी यो बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । देहायका शर्तहरूको अधिनमा रहि बोलपत्र PPMO को वेबसाईट (www.ppmp.gov.np) बाट खरिद गरि तोकिएको मिति भित्र दर्ता गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकशित गरिएको छ ।

**देहाय**

त्रियुगा नगरपालिका क्षेत्र भित्रका खोला तथा नदीहरूबाट उत्खनन गरिने नदिजन्य पदार्थको विवरण

ठेक्का नं. ०५-PM/UDA/2081/082

त्रियुगा प्याके १

| सि.न | खोला तथा नदिको नाम | ग्रोभल | बालुवा | ढुंगा | जम्मा परिणाम | दर (प्रति क्युफिट) | न्यूनतम अंक | एकाई |
|---|---|---|---|---|---|---|---|---|
| १ | त्रियुगा नदी प्याकेज १ | २२८०८.१५ | | १६७०.३७ | २४४७८.५२ | ७ | ६०४५२१५.३ | |
| | | | २४९६४.४४ | | २४९६४.४४ | ६ | ५२८४४७२.६६ | |
| | | | | | | | ११३२९६८७.९६ | |
| | | | | | १३% VAT | | | |

**शर्तहरू**

१. प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३५ औ दिन (कार्यालय समय भित्र) रू ३००० रकम (पछि फिर्ता नहुने गरी) बुझाएको नगदी रसिदका साथ व्यवसाय दर्ता, स्थायी लेखा नं. (मु.अ.कर सहित) र आ.व २०७९/०८० सम्मको आयकर चुक्ताको प्रमाणपत्रहरूको प्रतिलिपिहरु संलग्न राखी इच्छुक फर्म-कम्पनी वा निजको आधिकारीक प्रतिनिधिले कार्यालय समय भित्र PPMO वेबसाईट बाट बोलपत्र फारम खरिद गर्न सक्नेछ ।
२. बोलपत्र फारम आफूले कबोल गरेको कुल अंकको ५% धरौटी रकम यस कार्यालयको गाईघाट स्थित धरौटी खाता नं. २०९०१००३०३००००४ मा जम्मा गरी सो को सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको कम्तीमा १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (विड वण्ड) पेश गर्नु पर्नेछ । धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाईने छैन । उक्त बैंक जमानत वा नगद धरौटी रकम नियमानुसार कागजात पेश गरिसके पछि प्रचलित नियम बमोजिम फिर्ता गरिनेछ ।
३. प्रत्येक प्याकेजको लागि अलग अलग बोलपत्र फारम खरिद गर्नु पर्ने छ र दर्ता प्याकेज छुटयाएर प्रस्ट हुने गरी दर्ता गर्नुपर्ने छ ।
४. खरिद भएका बोलपत्रहरूको प्रत्येक पानामा सही छाप र शिलबन्दी गरी खामबाहिर फर्म वा कम्पनीको नाम, ठेगाना र ठेक्काको नाम नम्बर लेखी प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३५ औ दिनको १२:०० बजे सम्ममा यस कार्यालयमा दर्ता गरी पेश गर्नुपर्ने छ ।
५. दर्ता हुन आएका शिलबन्दी बोलपत्रहरु दर्ता गर्ने अन्तिम दिनको १:०० बजे यस कार्यालयमा बोलपत्र दता वा निजको प्रतिनिधिको रोहोबरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो बोलपत्र खोल्ने कुनै बाधा पर्ने छैन ।
६. बोलपत्र फारम तर्दा आफूले कवोल गरेको रकम अंक र अक्षरमा प्रष्टसंग उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।
७. बोलपत्र फारम भर्दा आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्टसंग उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरान लेखिएकोलाई मान्यता दिईनेछ ।
८. सबैभन्दा बढी अंक कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिनेछ ।
९. बोलपत्र स्वीकृत भएपछि सोको सूचना पाएको मितिले ७ दिन भित्र सम्बन्धित बोलपत्रदाता फर्म वा कम्पनीले नियमानुसार प्रक्रिया पुरा गरी सम्झौता गर्न आउनुपर्नेछ । सो अवधि भित्र सम्झौत ागर्न नआएमा धरौटी रकम जफत गरिनेछ र उक्त कारणबाट दोस्रो बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुन:बोलपत्र आव्हान गर्ने अधिकार त्रियुगा नगरपालिका कार्यालयमा सुरक्षित रहनेछ ।
१०. बोलपत्र दाताले आफुले गरेको रकम एकमुष्ट नबुझाएमा कबोल गरेको कूल रकम (भ्याट समेत जोडी) तीन किस्तामा बुझाउ पर्नेछ । पहिलो किस्ता आफुले कबोल गरेको अंकको ४० प्रतिशत रकम सम्झौता गर्ने समयमा बाँकी ६० प्रतिशत रकमलाई बराबर भाग लगाई २ किस्तामा बुझाउनु पर्नेछ । सो दुई किस्ता बापतको दोस्रो किसता रकम २०८१ फागुन मासन्त भित्र र तेस्रो तथा अन्तिम किस्ता बापतको रकम २०८२ बैशाख मसान्त भित्र बुझाउनु पर्नेछ ।
११. सम्झौता गर्दा पहिलो किस्ता बाहेक बुझाउन बाकी ६० प्रतिशत रकमको २०८२ असार मसान्त सम्म अवधि भएको यस कार्यालयको नाममा राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकहरूबाट जारी गरिएको बैक जमानत (परफरमेन्स वण्ड) पेश गनरेपछि मात्र ठेक्का सम्झौता गरी स्थायी चलान पुर्जी दिईनेछ ।
१२. कुनै पनि शर्त राखी पेश गरेको हुलाक मार्फत पठाएको र रित नपुगेको बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।
१३. ठेकेदारले सम्झौता बखत आफुले कबोल गरेको रकमको नगदै वा कबोल अंक बराबरको बैंक भौचर पेश गरी ठेक्का सम्झौता गर्नुपर्नेछ । साथै उक्त समयमै नियमानुसारको आयकर तथा मु.अ. कर समेत कार्यालयमा बुझाउनुपर्नेछ ।
१४. नदि जन्यपदार्थ उत्खनन्, संकलन, विक्रि तथा निकासी गर्दा क्षभ प्रतिवेदनमा स्वीकृत मापदण्ड र राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिबाट प्राप्त परिपत्र, सहमति र मार्गदर्शनलाई आधार मानी उत्खनन्, संकलन र निकासी गर्नुपर्नेछ ।
१५. कर-शुल्क उठाउने रसिदहरु ठेक्काको शीर्षक खुल्ने गरि रसिद कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट प्रमाणित गराई कार्यालयको छाप लगाई कार्यालयमा नन्म्बर सहितको नगदी रसिद ठेली दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनु पर्नेछ । फर्म वा व्यवसायीलाई उपलब्ध गराएको नगदी रसिदको विवरण कार्यालय समेतले अभिलेख खडा गरी राख्नेछ ।
१६. कुनै किसिमको विवादको स्थिति सिर्जना भएमा वा यस कार्यालय तथा ठेकेदार बीच कुनै विवाद उत्पन्न भएमा प्रतलित कानून, ऐन, नियमको परिधि भित्र रही त्रियुगा नगरपालिकाको कार्यालय गाईघाट, उदयपुरले गरेको निर्णय अन्तिम हुनेछ ।
१७. सम्मानित अदालत, नेपाल सरकार, त्रि.न.पा को नीति, निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागु गर्नु ठेकेदारको कर्तव्य एंव दायित्व हुनेछ । नीति निर्देशन वा अदालतको आदेशको पालनाको कारणबाट हुनै क्षतिहानी नोक्सानी हुन गएमा सोको क्षतिपूर्तिको दाबी ठेकेदारले त्रि.न.पा संग गर्न पाउने छैन ।
१८. बन्द, हड्ताल, चक्काजाम वा अन्य कुनै कारण देखाई मिनाहा माँग भएमा मिनाहा दिईने छैन ।
१९. ठेक्का अवधि सम्झौता भएको मिति देखि २०८२ साल जेष्ठ मासन्त सम्म मात्र हुनेछ ।
२०. नदि जन्यपदार्थ उत्खनन्, संकलन गरी विक्रि गरेको परिमाण ३-३ महिनामा ठेकेदारले अनिवार्य रूपमा त्रि.न.पा कार्यालयमा पेश गर्नुपर्नेछ ।
२१. ठेकेदारले उठाउने कर यस कार्यालयद्धारा प्रारम्भिक वातवरणीय परिक्षण प्रतिवेदनमा उल्लेखित स्थानमा प्रदेश सभा बाट स्वीकृत आर्थिक ऐनमा उल्लेख भएको दररेटमा मात्र कर उठाउनु पर्नेछ ।
२२. सूचनामा उल्लेखित परिमाण भन्दा बढी नदिजन्य पदार्थ ठेकेदारले उत्खन् गरी विक्रि वितरण गर्न पाउने छैन ।
२३. नदि तथा खोला खहरेहरूमा बाढी पहिरोका कारणले नदि जन्य सामाग्री थुप्रिन गई सो कारणले क्षती हुने सम्भावना भएमा जिल्ला विपद व्यवस्थापन समितिको निर्णयअनुसार पन्छाउने र सो को राजश्व नगरपालिका आफैले लिनेछ ।
२४. नम्बरी आवादी जग्गामा प्रकृया पुर्‍याई उत्खन्न गरेको तथा खोला, नदी भन्दा बाहिरको क्षेत्रमा उत्खनन गरिउको ढुंगा, गिटि बालुवाको राजश्व ठेकेदारले लिन पाउने छैन ।
२५. ठेकेदारे नगरपालिकाबाट प्रमाणित गरी उपलब्ध गराएको भ्याट सहित सलग्न विल भन्दा बाहेक अन्य विल प्रयोग गर्न पाउने छैन ।
२६. नगरपालिकाले ठेक्का सम्झौतासम्म नगर विकास तथा निर्माण कार्यका लागि प्रयोग हुने ढुङ्गा, गिट्टि तथा बालुवा स्वीकृत वातवरणीय अध्ययन प्रतिवेदन बमोजिम नगरपालिकाका कर्मचारी खटाई रोयल्टि संकलन गर्नेछ साथै नेपाल सरकार प्रदेश सरकार तथा स्थानीय तह र विकसा साझेदारबाट संचालित आयोजनाहरूलाई आवश्यक पर्ने ढुङ्गा, गिट्टि तथा वालुवा सम्बन्धि आयोजनाबाट माग भई आएका राजश्व लिई नगरपालिकाले वातवरणीय ठेक्का सम्झौता नहुन्जेल उत्खनन गर्न दिएको परिमाण घटाई वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित परिमाण नबढने गरी ठेक्का सम्झौता गर्नेछ ।
२७. यसमा उल्लेखित भएका कुराहरूमा सोहि बमोजिम र यसमा उल्लेख नभएका कुरहरूको हकमा प्रचलित ऐन, नियम, कानुन अनुसार हुनेछ ।
२८. विस्तृत जानकारीका लागि त्रियुगा नगरपालिका गाईघाट उदयपुरको Website : www.triyugamun.gov.np तथा धधध।उऊय।नयख।लउ मा वा त्रि.न.पा को सम्पर्क ०३५४२०१०८ मा सम्र्पक गर्न सकिनेछ ।
२९. यस ठेक्का रद्द गर्ने नगर्ने सम्बन्धमा अन्तिम निर्णय गर्ने अधिकार यस कार्यायमा निहित रहनेछ ।

त्रियुगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय गाईघाट उदयपुर

# सन् २०३० को लक्ष्य हासिल गर्ने विश्वका देशहरूको योजना 'धेरै टाढा' : *राष्ट्रसंघ*




**पेरिस–** संयुक्त राष्ट्रसंघले सन् २०३० सम्ममा पृथ्वीको तापक्रम वृद्धिबाट हुने उत्सर्जनमा २.६ प्रतिशतले मात्र कमी आउने बताएको छ । संयुक्त राष्ट्रसंघका जलवायु प्रमुख सिमोन स्टिएलले ग्लोबल वार्मिङलाई १.५ डिग्री सेल्सियसको सुरक्षित सीमासम्म सीमित गर्न यस दशकमा आवश्यक ४३ प्रतिशत कटौतीको नजिक विद्यमान प्रतिबद्धताले कहीँ पनि काम नगरेको बताएका छन् ।

स्टिएलले भने, 'प्रतिवेदनको निष्कर्ष स्पष्ट छ तर आश्चर्यजनक छैन । हालको राष्ट्रिय जलवायु योजनाहरू विश्वव्यापी तापलाई हरेक अर्थव्यवस्थालाई समस्याग्रस्त बनाउन र अर्बौंको संख्यामा रहेको वैश्विक जीवन र जीविकोपार्जनलाई बर्बाद गर्नबाट रोक्न आवश्यकभन्दा हजारौं माइल टाढा छन् ।'

अजरबैजानमा संयुक्त राष्ट्रसंघको कोप-२९ जलवायु शिखर सम्मेलन सुरु हुनुभन्दा केही हप्ताअघि र सन् २०२५ को सुरुमा सदस्य राष्ट्रहरूले आफ्नो अद्यावधिक चरणको राष्ट्रिय जलवायु योजना प्रस्तुत गर्ने तयारी गरिरहेका बेला यो निष्कर्ष आएको हो । स्टिएलले भने, 'तापमान वृद्धिलाई बढावा दिने कार्बन डाइअक्साइड जस्ता हरितगृह ग्यासहरूको उत्सर्जनलाई तत्काल कम गर्न 'साहसी' योजनाहरू प्रस्तुत गर्नुपर्दछ ।'

विद्यमान प्रतिज्ञाअनुसार सन् २०३० सम्ममा ५१.५ अर्ब टन कार्बन डाइअक्साइड र त्यसको बराबर पृथ्वीलाई उष्ण बनाउने अन्य ग्यासमा छोड्ने छ । 'यी स्तरहरूमा ग्रीनहाउस ग्यास प्रदूषणले अपवादविना हरेक देशका लागि मानव र आर्थिक क्षतिको ग्यारेन्टी गर्ने छ,' उनले भने । 'यो प्रतिवेदन अर्को वर्ष हरेक देशबाट धेरै साहसी नयाँ राष्ट्रिय जलवायु योजनाहरूको साथ अपर्याप्तताको युगको अन्त्य गर्दै अघि बढ्नुपर्छ,' उनले थपे ।

संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रम (युएनइपी) ले पनि बिहीबार सदस्य राष्ट्रहरूले के प्रतिज्ञा गरेका छन् र के हासिल गर्नैपर्छ भन्ने बीच खाडल सिर्जना हुने चेतावनी दिएको छ । सन् २०१५ मा करिब २०० राष्ट्रले हस्ताक्षर गरेको पेरिस सम्झौतामा विश्वव्यापी तापमान वृद्धिलाई पूर्वऔद्योगिकस्तरको तुलनामा दुई डिग्री सेल्सियसभन्दा तल राख्ने र सम्भव भएमा १.५ डिग्री सेल्सियसको सुरक्षित सीमा कायम राख्ने प्रतिबद्धता व्यक्त गरिएको थियो ।

संयुक्त राष्ट्रसंघले गठन गरेको विज्ञका अनुसार तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियससम्म नियन्त्रण गर्ने ५० प्रतिशत सम्भावना हासिल गर्न सन् २०१९ को तुलनामा सन् २०३० सम्ममा विश्वव्यापी उत्सर्जन ४३ प्रतिशतले घट्नुपर्छ । *रासस/एएफपी*

# इन्डोनेसिया र रूसले संयुक्त सैन्य अभ्यास गर्दै

**जकार्ता–** इन्डोनेसिया र रूसले अर्को महिना आफ्नो पहिलो संयुक्त सैन्य अभ्यास गर्ने जकार्ताको सेनाले मंगलबार जनाएको छ । यस क्षेत्रको सबैभन्दा ठूलो अर्थतन्त्र इन्डोनेसियाले युक्रेन द्वन्द्व वा वासिङ्टन र बेइजिङबीच तटस्थ विदेश नीति कायम राखेको छ ।

यद्यपि, इन्डोनेसियाका राष्ट्रपति प्रबोवो सुबिआन्तोले साहसका साथ अघि बढ्ने वाचा गर्दै गत जुलाईमा भ्लादिमिर पुटिनसँग वार्ताका लागि मस्कोको भ्रमण गरेका थिए ।

इन्डोनेसियाली सेनाले नोभेम्बर ४-९ सम्म सुराबायाको सैन्य आधार नजिकै जाभा सागरमा अभ्यास हुने जनाएको छ । अभ्यास सेनाबीचको महत्त्वपूर्ण द्विपक्षीय अभ्यास भएको इन्डोनेसियाली सेनाले विज्ञप्तिमार्फत जनाएको छ ।

इन्डोनेसियाका लागि रूसी राजदूत सेर्गेई टोल्चेनोभले अभ्यासको पुष्टि गर्दै अभ्यासले कुनै पनि प्रतिद्वन्द्वी शक्तिलाई लक्षित नगरेको बताएका छन् । उनका अनुसार अभ्यास केवल सेनाको क्षमता बढाउनका लागि मात्र हो । *रासस/एएफपी*


## नेपालगञ्ज उपमहानगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
नेपालगञ्ज, बाँके
लुम्बिनी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति :- २०८१।०७।१४

यस उपमहानगरपालिकाको तपशिल बमोजिमको ठेक्कामा पर्न आएका बोलपत्रहरु मध्ये न्युनतम् मुल्यांकित सारभुत रूपमा प्रभावग्राही देखीएका तपशिल बमोजिमका बोलपत्रदाता छनौट भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि.नं. | ठेक्का विवरण | छनौट भएको फर्मको नाम र ठेगाना | स्वीकृत कबोल अंक (रु.) |
|---|---|---|---|
| १. | **Local Level Textbook Printing and Distribution (Class 1-8)** बोलपत्र नं. **NSMC/NCB /G01/081/82** | श्री भवानी छापाखाना, सुर्खेत | रू. ३०,१७,९९८/०० (भ्याट बाहेक) |

प्रमुख प्रशासकिय अधिकृत


# उत्तर कोरियाले १० हजार सैनिक रूसमा तालिमका लागि पठाएको अमेरिकी आरोप

**वासिङ्टन–** वासिङ्टनले उत्तर कोरियाले १० हजार सैनिक रुसमा तालिमका लागि पठाएको र सम्भवतः केही हप्तामै युक्रेनविरुद्ध लड्ने सम्भावना रहेको बताएको छ । सोलले मंगलबार चेतावनी दिँदै यो तीव्र तैनाथीले 'महत्त्वपूर्ण सुरक्षा खतरा' उत्पन्न गरेको बताएको छ । सोलले लामो समयदेखि आणविक-सशस्त्र उत्तर कोरियाले मस्कोलाई किएभविरुद्ध लड्न हतियार पठाएको आरोप लगाउँदै आएको छ ।

उत्तर कोरियाली नेता किम जोङ उनले जुनमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग पारस्परिक रक्षा सम्झौतामा हस्ताक्षर गरेपछि प्योङयाङले ठूलो संख्यामा सैनिक तैनाथ गर्न थालेको सोलको आरोप छ । उत्तर कोरियाले सैनिक पठाएको अस्वीकार गरेको छ । यद्यपि, गत हप्ता सरकारी मिडियामा पहिलो टिप्पणीमा उत्तर कोरियाली उपविदेशमन्त्रीले यस्तो तैनाथी भएमा यो अन्तर्राष्ट्रिय कानुनअनुरूप हुने बताएका थिए ।

युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले उत्तर कोरियाले 'चाँडै' रुसी भूमिमा १२ हजारसम्म सैनिक पठाउन सक्ने चेतावनी दिएका छन् । जबकि अमेरिकी राष्ट्रपति जो बाइडेनले यस तैनाथीलाई 'अत्यन्त खतरनाक' भन्दै आलोचना गरेका छन् ।

पेन्टागनकी उप प्रेस सचिव साब्रिना सिंहले पत्रकारहरूलाई बताएअनुसार उत्तर कोरियाले पूर्वी रुसमा तालिमका लागि कूल १० हजार सैनिक पठाएको छ र यसले सम्भवतः आगामी केही हप्तामा युक्रेन नजिक रुसी सेनालाई बढाउने छन् । नाटो प्रमुख मार्क रुटले यो तैनाथी 'रुसको युद्धको खतरनाक विस्तार' हो, र यो 'पुटिनको बढ्दो निराशाको संकेत' हो भने ।

रुटका अनुसार द्वन्द्व सुरु भएयता छ लाखभन्दा बढी रुसी सैनिक मारिएका वा घाइते भएका छन् र क्रेमलिन विदेशी समर्थनविना आक्रमण जारी राख्न असमर्थ छ । दक्षिण कोरियाली गुप्तचर अधिकारीहरूसँगको ब्रिफिङपछि ब्रसेल्समा उनले उत्तर कोरियाली सैन्य एकाइहरू रुसको पश्चिमी कुर्स्क क्षेत्रमा तैनाथ गरिएको बताए ।

## उपग्रह प्रक्षेपण ?

दक्षिण कोरियाली राष्ट्रपति युन सुक येओलले मंगलबार मस्को र प्योङयाङबीचको बढ्दो सैन्य सहयोग 'अन्तर्राष्ट्रिय समुदायका लागि महत्त्वपूर्ण सुरक्षा खतरा' भएको उल्लेख गर्दै सोलले 'प्रतिकार्य' बारे विचार गरिरहेको चेतावनी दिए । सोलका जासुसी निकायले सांसदहरूलाई दुई देशबीच तीव्र सैन्य सहयोग भइरहेको संकेत गर्दै उच्च पदस्थ उत्तर कोरियाली जनरलहरू पनि 'अग्रपंक्तिका क्षेत्रहरूमा जान सक्ने' बताएको छ ।

एएफपीले प्राप्त गरेको प्रतिलिपिअनुसार सांसदहरूलाई ब्रिफिङपछि उत्तरले मेमा असफल प्रयासपछि 'उन्नत घटकहरू र रुसी प्राविधिक सहायता प्रयोग गरेर' अर्को उपग्रह प्रक्षेपणको तयारी गरिरहेको चेतावनी दिएको सांसद ली सेओङ-क्वेउनले बताए ।

विशेषज्ञहरूका अनुसार सैनिक पठाएबापत उत्तर कोरियाले निगरानी उपग्रहदेखि पनडुब्बीसम्मका सैन्य प्रविधि र मस्कोबाट सम्भावित सुरक्षा ग्यारेन्टी प्राप्त गर्ने लक्ष्य राखेको छ । उत्तरले रुस तैनाथीबारे सूचना प्रवाहलाई आन्तरिक रूपमा पनि नियन्त्रण गरिरहेको जासुसी निकायलाई उद्धृत गर्दै लीलेली सेओङ-क्वेउनले बताए । उनले भने, 'तैनाथ गरिएका सैनिकका परिवारलाई उनीहरू तालिममा छन् भनेर झूठो जानकारी दिइएको छ ।'

उत्तर कोरियाको सरकारी कोरियन सेन्ट्रल न्युज एजेन्सीका अनुसार उत्तर कोरियाका विदेशमन्त्री यस साता मस्को गएका छन् । यद्यपि कुनै विवरण दिइएको छैन ।

## बढ्दो खतराहरू

प्रमुख हतियार निर्यातक दक्षिण कोरियाले युक्रेनलाई सीधै हतियार आपूर्ति गर्ने बारेमा पुनर्विचार गर्ने यसअघि नै बताएको थियो । पुनर्विचार गर्न उसका पश्चिमी सहयोगीहरूले लामो समयदेखि माग गर्दै आएका थिए । सोलले अहिलेसम्म लामो समयदेखिको घरेलु नीतिका कारण यो कदम चाल्न अस्वीकार गर्दै आएको छ ।

सोलले पहिले नै किएभको एक प्रमुख सहयोगी पोल्यान्डलाई अर्बौं डलर मूल्यका ट्यांक, तोप, आक्रमण विमान र रकेट लञ्चर बेचिसकेको छ । युरोपेली संघ (इयू) की प्रमुख उर्सुला भोन डेर लेयनले पनि उत्तर कोरियाले पहिलोपटक सैनिक पठाउनु 'युक्रेनविरुद्धको युद्धको महत्त्वपूर्ण वृद्धि हो र यसले विश्व शान्तिलाई खतरामा पार्छ' भन्दै चेतावनी दिएकी छन् ।

उनले दक्षिण कोरियाली राष्ट्रपति उनसँगको टेलिफोन वार्तापछि यस घटनाक्रमप्रति इयूको प्रतिक्रिया दक्षिण कोरिया र अन्य समान विचारधारा भएका साझेदारहरूसँगको सहकार्यमा केन्द्रित हुने भन्दै राष्ट्रपतिलाई आश्वस्त पारिन् । त्यसैगरी संयुक्त राज्य अमेरिकाले मस्को र प्योङयाङ दुवैको सहयोगी चीनलाई 'आफ्ना दुई छिमेकी रुस र उत्तर कोरियाको यस अस्थिरकारी कार्यप्रति चिन्तित हुनुपर्छ' भनेको विदेश विभागका प्रवक्ता म्याथ्यु मिलरले पत्रकारहरूलाई बताए । *रासस/एएफपी*

# भारतीय मन्दिरमा पटाका विष्फोट, १५० भन्दा बढी घाइते

**मुम्बई–** भारतको एक मन्दिरमा पटाका प्रदर्शनी भयानक विष्फोटमा परिणत भएपछि करिब १०० जना अस्पताल भर्ना भएका र आठ जनाको अवस्था गम्भीर रहेको प्रहरीले मंगलबार बताएको छ । प्रहरीले घटनामा दुई जनालाई नियन्त्रणमा लिएको छ ।

भारतीय सञ्चारमाध्यमहरूले पोस्ट गरेका भिडियोहरूमा देखाएअनुसार सोमबार साँझ दक्षिणी राज्य केरलाको नीलेश्वरमस्थित एउटा हिन्दू मन्दिर वरिपरि सयौं मानिसहरू आतसबाजी हेर्न भेला भएका थिए । भिडियोमा त्यसपछि एउटा भवनभित्रबाट चर्को आवाज सुनिन्छ र एक शक्तिशाली आगोको गोला आकाशमा माथि उठ्छ ।

'करिब आठ जनाको अवस्था गम्भीर छ र करिब १५४ जना घाइते भएको रिपोर्ट छ, तीमध्ये ९७ जना अस्पतालमा भर्ना छन्,' स्थानीय प्रहरी प्रमुख शिल्पा द्यवैयाले भनिन्, 'उनीहरूले पटाका भण्डारण गरिएको ठाउँ नजिकै पटाका फुटाए ।' द्यवैयाले फुटेका पटाकाका झिल्काहरू भण्डारण गरिएको पटाकासम्म पुगेको बताइन् ।

भारतीय सञ्चारमाध्यमहरूले अधिकारीहरूलाई उद्धृत गर्दै बाक्लो भीडमा रहेका मानिसहरूको अनुहार र हातमा जलन भएको बताएका छन् । स्थानीय सरकारी अधिकारी के. इन्बासेखरले पटाका प्रदर्शनीका लागि कुनै अनुमति नदिइएको बताए । द हिन्दू पत्रिकाले मन्दिरका अध्यक्ष र सचिवलाई हिरासतमा लिइएको जनाएको छ । *रासस/एएफपी*


**Lumbini Provincial Government**
**Ministry of Social Development**
## Directorate of Education and Social Development
## Social Development Division Office
**Nepalgunj, Banke**

## Re-invitation for Sealed Quotation

**IFB No: 06-081/082**
***(Second Date of publication: 2081/07/14 (2024/10/30))***

Social Development Division Office Nepalgunj, Banke invites only electronic bids from eligible bidders for the following works:

| S. N. | Contract No/ Bids No | Description of Works | Estimated Amount without VAT & PS (NRs.) | Bid Security Amount (NRs.) / Validity Period | Bid document Price (NRs.) | Type of Bidding |
|---|---|---|---|---|---|---|
| 1. | SDDOBANKE/ W/SQ-12/ 2081/082 | Construction of Building of Ne.Ra. Indira Bhushal Ma.Vi. Badhaiyatal- 05 Badhaiya, Bardiya | 16,79,293.10 | 40,000.00 / 75 Days | 1,000.00 | S.Q. |
| 2. | SDDOBANKE/ W/SQ-13/ 2081/082 | Construction of Building of Jan Jyoti Aa.Vi. Badhaiyatal- 07 Ramgaudhi, Bardiya | 16,79,293.10 | 40,000.00 / 75 Days | 1,000.00 | S.Q. |
| 3. | SDDOBANKE/ W/SQ-20/ 2081/082 | Construction of Boundary Wall of Babai Sisumandir Ma.Vi. Thakurbaba -04, Bardiya | 8,34,620.12 | 20,000.00 / 75 Days | 1,000.00 | S.Q. |
| 4. | SDDOBANKE/ W/SQ-21/ 2081/082 | Construction of Boundary Wall of Janta Aa.Vi. Madhuban -09 Beltadi, Bardiya | 8,34,620.12 | 20,000.00 / 75 Days | 1,000.00 | S.Q. |
| 5. | SDDOBANKE/ W/SQ-26/ 2081/082 | Construction of Boundary Wall of Jan jagriti Pra.Vi. Madhuban- 01 Somalpur, Bardiya | 8,34,620.12 | 20,000.00 / 75 Days | 1,000.00 | S.Q. |
| 6. | SDDOBANKE/ W/SQ-27/ 2081/082 | Construction of Boundary Wall of Sarswoti Aa.Vi. Barbardiya- 08 Bhagatpur, Bardiya | 8,34,620.12 | 20,000.00 / 75 Days | 1,000.00 | S.Q. |
| 7. | SDDOBANKE/ W/SQ-29/ 2081/082 | Construction of Boundary Wall with Gate of Ne.Ra.Ma.Vi. Badhaiyatal- 07 Padariya, Bardiya | 8,34,518.38 | 20,000.00 / 75 Days | 1,000.00 | S.Q. |
| 8. | SDDOBANKE/ W/SQ-34/ 2081/082 | Incomplete Building Construction of Manav Adhikar Suchana Tatha Sroth Kendra Janaki- 03 , Banke | 7,63,928.41 | 20,000.00 / 75 Days | 1,000.00 | S.Q. |

| Last date and time for purchase of Bid Document and bid submission | Date, Time and place of Bid Opening |
|---|---|
| 2081/07/29 B.S. (2024/11/14 AD); up to 12:00 PM; Social Development Division Office Nepalgunj, Banke (electronic) | 2081/07/29 B.S. (2024/11/14 AD); up to 1:00 PM; Social Development Division Office Nepalgunj, Banke (electronic) |
| Bid security validity period | 30 days beyond Bid validity period |
| Bid Validity period | 45 Days for SQ |
| Account No. for bid document purchase/ Bid Fee | Bank name: Rastriya Banijaya Bank, Nepalgunj Branch<br>Account Name: Province Financial Unit Office, Nepalgunj (Pra. Le. E. Ka.)<br>Revenue (rajaswa) Account Number: 100010020001000<br>Office Code: 3500057025 (Social Development Division Office Nepalgunj Banke)<br>Revenue (rajaswa) Heading number: 14229<br>Revenue (rajaswa) Amount: Rs.1,000/-<br>(mentioned purpose of deposit stating contract no. clearly) |
| Account No. for bid security deposit | Bank Name: Rastriya Banijaya Bank, Nepalgunj Branch<br>Account Name: Province Financial Unit Office, Nepalgunj (Pra. Le. E. Ka.)<br>Account Number: 4130100202030000 (Dharauti khata)<br>Office Code: 3500057025 (Social Development Division Office Nepalgunj Banke) |

1. Bidders shall submit their Bids electronically only. For e-bidding visit PPMO's e-procurement web portal https://www.bolpatra.gov.np/egp and for additional information please inspect the bidding documents at the Social Development Division Office Nepalgunj Banke.
2. Social Development Division Office Nepalgunj Banke reserves the right to accept or reject any Bids without assigning any reasons whatsever, other terms and conditions not covered here will be in accordance to PPA-063 and PPR-064.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Officer**

काठमाडौं जि.प्र.का.द.नं. ४८०–०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १६८५०० | प्रति तोला – ० | प्रति तोला – २१०५ |

## चेम्बर र चिनियाँ व्यवसायीबीच व्यापार सहजीकरण र लगानीको समझदारी



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल चेम्बर अफ कमर्स र चीनको युनान प्रान्तस्थित फेडेरेसन अफ इन्डस्ट्री एण्ड कमर्ससँग सम्वन्धित उद्योगी व्यवसायीबीच लगानी र व्यापार सहजीकरण गर्ने समझदारी भएको छ ।

चेम्बर अध्यक्ष कमलेस कुमार अग्रवाल सहितका पदाधिकारीसमक्ष युनान प्रान्तमा विभिन्न व्यवसायिक क्षेत्रको नेतृत्व गर्दै आएका उद्यमी व्यवसायीहरूले लगानी र व्यापार सहजीकरणबारे छलफल गरेका थिए ।

खासगरी उद्योग, व्यापार र सेवा क्षेत्रमा सम्भाव्य लगानीका क्षेत्रहरूको पहिचान र दुई पक्षीय हित प्रर्वद्धन गर्न सकिने खालको प्रस्ताव ल्याउन अध्यक्ष अग्रवाले चिनियाँ व्यवसायी समक्ष आग्रह गरे । पूर्वाधार निर्माण, रियल स्टेट, व्यापार वृद्धि, चिया, औद्योगिक विकास एवं सांस्कृतिक क्षेत्रमा दुई पक्षीय लगानी र व्यापार साझेदारीका विभिन्न विकल्पबारे दुई देशका निजी क्षेत्रबीच महत्वपूर्ण छलफल भएको चेम्बरद्धारा जारी विज्ञप्तिमा उल्लेख छ ।

चेम्बर अध्यक्ष अग्रवालले नेपालमा लगानीका लागि चिनियाँ व्यवसायीलाई आग्रह गरे । नेपालमा लगानीको वातावरण एवं प्रतफल सुनिश्चितताका लागि चेम्बरले पहल गर्ने समेत अध्यक्ष अग्रवालले प्रतिवद्धता जनाए ।

## नवीकरणीय ऊर्जा प्रवर्द्धनमा मन्त्री खड्काको जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले नवीकरणीय ऊर्जा क्षेत्रको प्रवर्द्धनका निम्ति सरकारबाट सक्दो सहयोग हुने उल्लेख गर्दै त्यसनिम्ति सक्रिय भएर लाग्न वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रलगायत सम्बन्धित निकायहरूसँग अनुरोध गरेका छन् ।




केन्द्रको २८औं वार्षिकोत्सवका अवसरमा मंगलबार आयोजित कार्यक्रममा उनले नवीकरणीय ऊर्जाको विकासका लागि त्यससम्बन्धी विधेयक यथाशीघ्र पारित गर्नुपर्ने पक्षमा आफू रहेको बताए । उनले संसद्को आगामी अधिवेशनमा उक्त विधेयकलाई प्राथमिकताका साथ प्रस्तुत गरिने बताए । ऊर्जामन्त्री खड्काले सरकारले सन् २०३५ सम्म २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएकाले त्यसलाई पूरा गर्न केन्द्रको भूमिका महत्वपूर्ण हुने बताए । मन्त्री खड्काले नवीकरणीय ऊर्जा विकासको क्षेत्रमा योगदान गरेका व्यक्ति तथा संस्थालाई सम्मान गरे ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री पूर्णबहादुर तामाङले नवीकरणीय ऊर्जाका माध्यमबाट विद्युत् नभएका स्थानमा उज्यालो पुऱ्याउन केन्द्रले निर्वाह गरेको भूमिकाको सराहना गरे । उनले विद्युत्मा पहुँच नभएका ग्रामीण इलाकामा नवीकरणीय ऊर्जा उत्पादन गर्न केन्द्रलाई सुझाव दिए ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुरेश आचार्यले राष्ट्रिय प्रसारण लाइन नपुगेका क्षेत्रमा सौर्य प्यानलका माध्यमबाट ऊर्जा उत्पादन भएको जानकारी दिए । केन्द्रका कार्यकारी निर्देशक नवराज ढकालले स्थापनाकालदेखि नै केन्द्रले अहोरात्र काम गरी हालसम्म ४० हजार दुई सय ५३ किलोवाट लघु तथा साना जलविद्युत् आयोजना निर्माण गरेको जानकारी दिए । केन्द्रले हालसम्म देशका ३६ लाख ५० हजार घरमा नवीकरणीय ऊर्जा सेवा प्रवाह गरेको उनले बताए ।

देशभर नवीकरणीय ऊर्जाको क्षेत्रमा पाँच सयभन्दा बढी कम्पनी क्रियाशील रहेका छन् भने ती कम्पनीमा ४० हजारभन्दा बढीले रोजगारी पाएका छन् । वार्षिकोत्सवका अवसरमा कर्मचारीहरूले रक्तदान गरेका थिए ।

## माछापुच्छ्रे क्यापिटलको पाँचौं साधारणसभा सम्पन्न




**काठमाडौं (प्रस)–** माछापुच्छ्रे क्यापिटल लिमिटेडको पाँचौं वार्षिक साधारण सभा सम्पन्न भएको छ । राजधानीको बालुवाटारमा सञ्चालक समितिका अध्यक्ष विश्वम्भर न्यौपानेको सभापतित्व तथा मुख्य कम्पनी माछापुच्छ्रे बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सन्तोष कोईरालाको प्रमुख आतिथ्यमा सम्पन्न भएको हो ।

मंगलबार सम्पन्न यस साधारण सभाबाट सञ्चालक समितिको वार्षिक प्रतिवेदन, आ.ब. २०८०/८१ को लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तिय विवरणहरू, आ.व. २०८१/८२ का लागि लेखापरिक्षकको नियुक्ती लगायतका प्रस्तावहरू पारित भएका छन् ।

कम्पनीको पाँचौं वार्षिक साधारण सभा सफलतापूर्वक सम्पन्न गर्न सक्रिय भूमिका निर्वाह गर्ने सेयरधनीहरू प्रति कम्पनीका अध्यक्ष तथा यस सभाका सभापतिले धन्यवाद व्यक्त गर्दै हाल कम्पनीले नेपाल धितोपत्र बोर्डबाट मिति २०८१ आश्विन १६ गते सामूहिक लगानी कोषको कोष व्यवस्थापक तथा डिपोजिटरीको इजाजत प्राप्त गरि मिति २०८१ आश्विन २१ गते योजना समेत दर्ता गरि स्वीकृतिको प्रक्रियार्थ रहेको जानकारी गराए ।

यसका साथै कम्पनीले आगामी दिनमा पुंजी बजारको विकासमा अझ बढि टेवा पुग्ने गरी कार्य गर्ने कुरामा विश्वस्तता व्यक्त गरे । साथै, कम्पनीको प्रगतिका लागि प्रत्यक्ष वा अप्रत्यक्षरूपले मार्ग दर्शन गर्ने तथा योगदान दिने मुख्य कम्पनी माछापुच्छ्रे वैंक लि., नियमक निकायहरू, लेखापरीक्षकहरू, सेवाग्राही, कानूनविद्, संचारकर्मीहरू, विभिन्न सम्बद्ध संस्थाहरू, सेयरधनीहरू तथा कम्पनीका कर्मचारीहरू सबैलाई धन्यबाद व्यक्त गरे ।

## एउटै नदीमा पाँच जलविद्युत् आयोजना

■ सन्तोष गौतम

**म्याग्दी–** जिल्लाको रघुगंगा गाउँपालिमा एक सय ६७ दशमलव तीन मेगावाट क्षमताको पाँच वटा जलविद्युत् आयोजना निर्माणको अन्तिम चरणमा पुगेका छन् । संसारको सातौँ (८,१६७ मिटर) अग्लो धवलागिरि हिमालको फेदीमा मुहान रहेको राहुघाट र सहायक नदीमा निर्माणाधीन आयोजनाले एकैसाथ विद्युत् उत्पादनको तयारी गरेका हुन् ।

तीन वटा आयोजनाको भौतिक प्रगति ८० प्रतिशतभन्दा बढी रहेको रघुगंगा गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले जानकारी दिए । उनका अनुसार ५० प्रतिशत निर्माण सकिएको २२.५ मेगावाट क्षमताको ठूलोखोला जलविद्युत् आयोजनाले पनि आगामी एक वर्षभित्र विद्युत् उत्पादनको तयारी गरेको छ । '८५ प्रतिशतभन्दा बढी भौतिक प्रगति भएको ४८ मेगावाट क्षमताको अपर राहुघाट, ३७.५ मेगावाट क्षमताको मंगले राहुघाट र २१.३ मेगावाटको ठूलोखोला जलविद्युत् आयोजना एकैसाथ सम्पन्न हुने चरणमा छन्', अध्यक्ष भडारीले भने ।

### राहुघाटबाट एक वर्षभित्र उत्पादन

नेपाल विद्युत् प्राधिकरणको सतप्रतिशत लगानीमा स्थापित रघुगंगा हाइड्रोपावर लिमिटेड प्रवर्द्धक रहेको राहुघाट जलविद्युत् आयोजनाले सन् २०२५ मार्च महिनाभित्र विद्युत् उत्पादन सुरु गर्ने कार्ययोजनासहित काम गरिरहेको आयोजनाका व्यवस्थापक राज विष्टले बताए । गत साउनमा छ दशमलव दुई सय ७० किलोमिटर लामो सुरुङको ब्रेक थ्रु भएको राहुघाटको बाँध र विद्युत्गृहको अधिकांश संरचना निर्माण सकिएका उनले जानकारी दिए ।

### तुदी पावरका दुई आयोजना

अपर राहुघाट र मंगले राहुघाटको प्रवर्द्धक तुदी हाइड्रोपावरका आवासीय इञ्जिनियर प्रकाश तिमिल्सिनाले दुईवटै आयोजनाको सुरुङ निर्माण सकिएको, विद्युत्गृह, बाँध निर्माण अन्तिम चरणमा पुगेको जानकारी दिए । राहुघाटको बाँधदेखि करिब चार सय मिटर माथि अपर राहुघाटको विद्युत्गृह छ । चारदेखि पाँच महिनाभित्र विद्युत् उत्पादन गर्ने लक्ष्यसहित निर्माणलाई तीव्रता दिइएको अपर राहुघाटका इञ्जिनियर नरोत्तम कार्कीले बताए ।

### प्रसारण लाइनको पर्खाइमा ठूलोखोला

संयुक्त ऊर्जा लिमिटेड प्रवर्द्धक रहेको २१ दशमलव दुई मेगावाट क्षमताको ठूलोखोला जलविद्युत् आयोजनाले पूर्वाधार निर्माण सकेको छ । मन्त्रिपरिषद्को यही कात्तिक ८ गतेको बैठकले ठूलोखोला जलविद्युत् आयोजनाको २२० केभी क्षमताको प्रसारण लाइन आयोजना निर्माणका लागि छ दशमलव शून्य छ हेक्टर राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्न स्वीकृति दिने निर्णय गरेको थियो ।

उक्त आयोजनाले प्रसारण लाइन र सवस्टेशनको प्रतिक्षा गरिरहेको आयोजनाका आवासीय इञ्जिनियर सञ्जीव न्यौपानेले बताए । २२.५ मेगावाट क्षमताको माथिल्लो ठूलोखोला जलविद्युत् आयोजनाको बाँध, पेनस्टक पाइपलाइन निर्माणलाई तीव्रता दिइएको भन्दै विद्युत्गृह निर्माण सुरु भएको आयोजनाको करिब ६० प्रतिशत भौतिक प्रगति भएको उनले जानकारी दिए ।

माथिल्लो ठूलोखोलाबाहेकका आयोजनाबाट उत्पादित विद्युत् केन्द्रीय प्रसारण लाइनमा जोड्न रघुगंगा-३ अम्बाङको राहुघाट सबस्टेशनबाट केन्द्रीय ग्रिडमा जोडिने छ । राहुघाट र आसपासका खोलामा पाँच दशमलव पाँच मेगावाट क्षमताको बगरखोला, चार दशमलव ७५ मेगावाटको स्यानोखोला, चार दशमलब ९० मेगावाटको अपर ठूलोखोला र १५ मेगावाटको माथिल्लो ठूलोखोला जलविद्युत् आयोजना निर्माण अन्तिम चरणमा छन् ।

### प्रसारण लाइन र सवस्टेशन निर्माणाधीन

नेपाल विद्युत प्राधिकरणमार्फत म्याग्दी र राहुघाट नदीमा निर्माणाधीन तथा निर्माणको क्रममा रहेका आयोजनाबाट उत्पादन हुने विद्युत्लाई राष्ट्रिय प्रणालीमा आबद्ध गराउन एशियाली विकास बैंकको ऋणमा सबस्टेसन र प्रसारण लाइन निर्माणाधीन छन् ।

मालिका गाउँपालिका-७ बिमबाट रघुगंगा गाउँपालिका-३ राहुघाटको अम्वाङ जोड्ने १३२ केभी क्षमताको प्रसारण लाइन र दुवै ठाँउमा सबस्टेसन निर्माणका लागि सन् २०२१ को डिसेम्बर ३१ मा भारतीय कम्पनी लार्सन एण्ड टियुब्रो (एलएनटी) सँग २६ मिलियन अमेरिकी डलरमा ठेक्का सम्झौता भएको थियो । निर्धारित ३० महिनामा काम सम्पन्न नभएपछि ठेकेदार कम्पनीसँगको सम्झौताको म्याद १५ महिना थपिएको छ । आयोजना प्रमुख रोशन अग्रवालले गत जुलाई १६ मा सकिएको ठेक्का सम्झौताको म्याद सन् २०२५ को नोभेम्बर १६ सम्म थप भएको जानकारी दिए ।

'तीस महिनाको अवधिमा समग्रमा ५० प्रतिशतभन्दा बढी भौतिक प्रगति भएको छ', उनले भने, 'राहुघाटमा कमजोर भू-बनोट र विपद्को जोखिम, वन क्षेत्रमा टावर निर्माणका लागि अनुमति पाउन भएको ढिलाइ र केही टावर निर्माण स्थलमा समुदायको विवादले आयोजना निर्माण अवधी लम्बिएको हो ।'

एक सय ३३/३३ केभी, ३० एमभिए क्षमता र एआइएस प्रविधिको उपकरण जडान गरिने डाँडाखेत सबस्टेसनको सिभिलतर्फको ६० प्रतिशत भौतिक प्रगति भएको छ । भूमिगत पानी र पहिरो प्रभावित राहुघाटमा सबस्टेशनको डिजाइनमा समस्या भएकाले ठेक्का सम्झौताको २७ महिनापछि गत जेठ महिनादेखि नेपाली सहायक ठेकेदार डिएल स्ट्रक्चरले काम थालेको थियो । *रासस*

## ४६ अंकले बढ्यो नेप्से

■ प्रभाव संवाददाता

**काठमाडौं–** धितोपत्र बजारमा मंगलबार सेयर कारोबार मापक नेप्से परिसूचक उकालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार, नेप्से परिसूचक ४६ दशमलव ६९ अङ्कले उकालो लागेर दुई हजार छ सय ९२ दशमलव ०५ मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव ७६ प्रतिशतले उकालो लागेर चार सय ८१ दशमलव २८ मा पुगेको छ । नेप्सेमा कारोबार भएका १३ वटै उपसमूह बढेका छन् ।

मंगलबार कूल एक करोड ३३ लाख ७३ हजार चार सय ८१ कित्ता सेयर रु छ अर्ब १२ करोड ८२ लाख ६४ हजार पाँच सय ८० मा खरिद बिक्री भएका छन् । नेप्सेकाअनुसार सप्तकोशी डेभलपमेन्ट बैंक, सानिमा जीआइसी इन्सोरेन्स र कुथेली बुथेली हाइड्रोपावरको सेयर मूल्य १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । त्यस्तै हिमालयन




एभरेष्ट इन्सुरेन्सको संस्थापक सेयर, कर्पोरेट डेभलपमेन्ट बैंकको सेयरमूल्य नौ दशमलव ९८ प्रतिशत र समाज लघुवित्त वित्तीय संस्थाको सेयरमूल्य नौ दशमलव १८ प्रतिशतले बढेको छ ।

मंगलबारको कारोबारमा सेन्ट्रल फाइनान्सको सेयर मूल्य एक दशमलव ८८ प्रतिशत, लाइफ इन्सोरेन्स कर्पोरेशन लिमिटेडको एक दशमलव ५७, गुडविल फाइनान्स एक दशमलव २३, हिमालयन लघुवित्त वित्तीय संस्थाको एक दशमलव १२ र आइसीएफसी फाइनान्सको सेयरमूल्य एक दशमलव ०८ प्रतिशतले घटेको छ ।

**MIKLAJUNG RURAL MUNICIPALITY**
**OFFICE OF RURAL MUNICIPAL EXECUTIVE**
Madhumalla, Morang
Koshi Province, Nepal

**Invitation for Bid**

**FIRST NOTICE: 14th kartik 2081 (30th October 2024)**

1. Miklajung Rural Municipality, Office of Rural Municipal Executive, Madhumalla Morang Invites Online Bids under E-procurement system from eligible bidders for the procurement of following works.

| S.N. | Contract Identification Number and description of works | Bid Security Amount NRs | Cost of bidding Documents (NRs.) | Last time and date of bid submission | Procurement Method | Other Details | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | Average Annual Turnover | Specific Experience Requirement |
| 1. | 1/MRMM/WORKS/NCB/081/82 (Construction of Motorable Bridge in Miklu Khola) | 11,33,000 | 5000 | 12:00 noon 29th November 2024 | NCB | 30.1 Million | As stated in Section III Evaluation and Qualification Criteria of Bid Document |

Eligible bidders may obtain further Information and Inspect the bidding document from the PPMO website www.bolpatra.gov.np/egp or may visit the office of **Miklajung Rural Municipality, Office of Rural Municipal Executive,** Madhumalla, Morang, during the office time.

**Chief Administrative Officer**

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ